विधेयकमा प्राप्त संशोधनका सूचनाहरूको एकीकृत विवरण

(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः फोहोरमैला व्यवस्थापन विधेयक, २०८३

संशोधनको सूचना पेस गर्नुहुने माननीय सदस्यहरू (दर्ताको क्रमअनुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. बलावती शर्मा
२.	मा. परशुराम तामाङ्ग
३.	मा. डा. राम लामा
४.	मा. डा. ओजश्वी शेरचन
५.	मा. भरत प्रसाद पराजुली
६.	मा. गुरु प्रसाद बराल
७.	मा. ऐन बहादुर महर
८.	मा. रन्जु न्यौपाने
९.	मा. गणेश बहादुर विश्वकर्मा
१०.	मा. लिमा अधिकारी (आचार्य)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
११.	मा. क्रान्तिशिखा धिताल
१२.	मा. डा. तोसिमा कार्की
१३.	मा. कुसुम महर्जन
१४.	मा. मनिष झा
१५.	मा. निशा डाँगी
१६.	मा. नितिमा भण्डारी (कार्की)
१७.	मा. सुशील खड्का मा. आशिष गजुरेल
१८.	मा. धर्मराज के.सी.
१९.	मा. बोध नारायण श्रेष्ठ
२०.	मा. कमल सुबेदी
२१.	मा. रुबिना आचार्य

संशोधनको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१.	मा. भरत प्रसाद पराजुली	**प्रस्तावना**	**प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखुपर्ने:-** "**प्रस्तावना** : नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी फोहोरमैलाको समुचित तथा प्रभावकारी व्यवस्थापनद्वारा स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न, मानव स्वास्थ्य तथा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न शून्य फोहोर, र चक्रीय अर्थतन्त्रको अवधारणा अनुरूप फोहोरमैला व्यवस्थापनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसद्ले यो ऐन बनाएको छ।"
२.	मा. लिमा अधिकारी (आचार्य)	**प्रस्तावना**	**प्रस्तावनामा रहेका,** - "नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी" भन्ने शब्दहरूको सट्टा "नेपालको संविधान बमोजिम तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्दै, फोहोरलाई स्रोत र आर्थिक लाभको माध्यमको रूपमा रूपान्तरण गर्न, स्रोतमा नै वर्गीकरण, उत्पादकको विस्तारित जिम्मेवारी, प्रदूषण गराउनेले तिर्ने सिद्धान्त र प्रशोधन तथा चक्रीय अर्थतन्त्रका माध्यमबाट शून्य फोहोर विसर्जनको लक्ष्य हासिल गरी नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकको प्रत्याभूति गर्न" भन्ने शब्दहरू राखुपर्ने।
३.	मा. डा. तोसिमा कार्की	**प्रस्तावना**	**प्रस्तावनामा रहेका,** - "चक्रीय अर्थतन्त्रको अवधारणा अनुरूप" भन्ने शब्दहरूपछि "फोहोरलाई स्रोतको रुपमा प्रयोग गर्न" भन्ने शब्दहरू थप गर्नुपर्ने।
४.	मा. निर्तिमा भण्डारी (कार्की)	**प्रस्तावना**	**प्रस्तावनामा रहेका,**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
५.	मा. सुशील खड्का मा. आशिष गजुरेल		- "चक्रीय अर्थतन्त्रको अवधारणा अनुरूप" भन्ने शब्दहरूपछि "क्रमशः प्राथमिकता तोकी फोहोरमैलाको स्रोतमै न्यूनीकरण, पुःन प्राप्ति, पुःन प्रयोग, पुःन प्रशोधन, उर्जा उत्पादन, प्रशोधन र विसर्जनको प्राथमिकता क्रम कायम गरी," भन्ने शब्दहरू थप गर्नुपर्ने।
६.	मा. धर्मराज के.सी.	**प्रस्तावना**	**<u>प्रस्तावनामा रहेका,</u>** - "कार्बन उत्सर्जन घटाउन र" भन्ने शब्दहरूपछि "फोहोरमैलाको रोकथाम तथा न्यूनीकरण, पुनः प्रयोग, पुनः प्रशोधन, स्रोत पुनःप्राप्ति र अन्तिम विसर्जनको प्राथमिकता क्रम कायम गरी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७.	मा. परशुराम तामाङ्ग	२	**<u>खण्ड (छ) मा रहेका,</u>** - "पुनः प्रयोगमा ल्याउने" भन्ने शब्दहरूको सट्टा "प्रकृतिमै फर्काउने" भन्ने शब्दहरू राख्नुपर्ने।
८.	मा. डा. राम लामा	२	**<u>खण्ड (ढ) को सट्टा देहायको खण्ड (ढ) राख्नुपर्ने</u>ः-** "(ढ) "प्रशोधन केन्द्र" भन्नाले स्थान्तरण केन्द्रबाट ढुवानी भईआएको कुहिने, नकुहिने र जोखिमयुक्त फोहोरलाई त्यसको प्रकृति अनुसार मल, ग्यास, ऊर्जा, हाइड्रोजन वा अन्य वस्तु उत्पादन गर्ने वा पुनः प्रयोग गर्ने मिल्ने सामग्री बनाउने वा जलाउने समेत प्रयोजनका लागि कुनै एक वा सोभन्दा बढी स्थानीय तह मिली यो ऐन वा यस ऐन अन्तर्गतको नियमावली बमोजिमको मापदण्ड पूरा गरी कुनै स्थान मा स्थापना गरेको सुविधा (फ्यासिलिटी) सम्झनुपर्छ।" **<u>खण्ड (त) को सट्टा देहायको खण्ड (त) राख्नुपर्ने</u>ः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(त) "फोहोरमैला प्रशोधन" भन्नाले फोहोरमैलाको स्वरूप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने वा फोहोरमैलाबाट मल, ग्यास, ऊर्जा, हाइड्रोजन वा अन्य वस्तु उत्पादन गरी व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्छ।"
९.	मा. भरत प्रसाद पराजुली	२	<u>खण्ड (घ), (ङ), (ज), (ट), (ण), (त), (फ) र (व) को सट्टा देहायका खण्ड (घ) (ङ), (ज), (ट), (ण), (त), (फ) र (व) राख्नुपर्ने</u>:- "(घ) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानवाट उत्पादन भएको हानिकारक वा प्रदूषणयुक्त फोहोरमैला सम्झनुपर्छ।" (ङ) "घरायसी फोहोरमैला" भन्नाले सर्वसाधारणको भान्सा वा घरायसी प्रयोग वा अन्य व्यवहार वा क्रियाकलापबाट घरमा उत्पादित फोहोरमैला सम्झनुपर्छ। (ज) "जोखिमपूर्ण फोहोरमैला" भन्नाले प्राकृतिक वातावरण वा पर्यावरणीय प्रणालीमा हास ल्याउने, मानव तथा जीवजन्तुको स्वास्थ्यमा हानि पुन्याउने विभिन्न रूपमा निस्कने जोखिमपूर्ण फोहोरमैला सम्झनुपर्छ र सो शब्दले पारोयुक्त फोहोरमैला वा रेडियो विकिरण उत्सर्जन गर्ने वस्तुलाई समेत जनाउँछ। (ट) "निर्माणजन्य फोहोरमैला" न्नाले कुनै भौतिक संरचनाको नयाँ निर्माण पुनर्निर्माण वा मर्मत संभार गर्दा वा त्यस्तो भौतिक संरचना भत्काउँद निर्माणस्थल वा निर्माण सामग्रीबाट निस्कने फोहोरमैला सम्झनुपर्छ। (ण) "फोहोरमैला" भन्नाले तत्काल प्रयोग हुन नसकने भई फालिएको, खेर गएको वा सडेगलेको, वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको ठोस, अर्ध ठोस, तरल, अर्ध तरल, ग्याँस, रेडियोधर्मी र विद्युतीय उपकरणबाट उत्सर्जन भएका सामग्री वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ र सो शब्दले घरायसी फोहोरमैला, औद्योगिक फोहोरमैला, जोखिमपूर्ण फोहोरमैला, निर्माणजन्य

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरमैला, अन्य हानिकारक फोहोरमैला अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, टाँगिएका, फालिएका वा छरिएका पर्चा, पम्प्लेट, भित्तेलेखन लगायत सबै किसिमका फोहोरमैला वा स्थानीय तहले स्थानीय राजपत्रमा समय-समयमा सूचना प्रकाशन गरी फोहोरमैला भनि तोकिएका अन्य वस्तुलाई समेत जनाउँछ। (त) "फोहोरमैला प्रशोधन" भन्नाले फोहोरमैलाको स्वरूप, अवस्था र गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने वा फोहोरमैलाबाट मल, ग्याँस, ऊर्जा वा अन्य उपयोगजन्य वस्तु उत्पादन गरी व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्छ। (फ) "रासायनिक फोहोरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य, जीव, जन्तु, वनस्पति वा वातावरणमा प्रतिकूल असर पार्ने कुनै पनि रासायनिक पदार्थ सम्झनुपर्छ र सो शब्दले नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहोरमैलाको रूपमा तोकेको अन्य ठोस पदार्थलाई समेत जनाउँछ। (व) "स्वास्थ्य संस्थाजन्य फोहोरमैला" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने सरकारी, सामुदायिक वा निजी अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट निस्कने फोहोरमैला सम्झनुपर्छ।"
१०.	मा. लिमा अधिकारी (आचार्य)	२	**खण्ड (ख) मा रहेका,**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "सो वस्तुको नेपालमा रहेको मुख्य बिक्रेताको जिम्मेवारीलाई समेत जनाउँछ" भन्ने शब्दहरूपछि ",मुख्य आयातकर्ता तथा प्लास्टिक/प्याकेजिङ सामग्री प्रयोग गर्ने उत्पादक वा वितरकको दायित्वलाई समेत जनाउँछ" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>खण्ड (म) को सट्टा देहायको खण्ड (म) राख्नुपर्ने</u>:-** "(म) "शून्य फोहोर" भन्नाले स्यानिटरी ल्याण्डफिल साइटमा पठाइने फोहोरको परिमाणलाई कम्तीमा ९० प्रतिशतले घटाई बाँकी अवशेषलाई मात्र वातावरणीय मापदण्ड पालना गरी विसर्जन गर्ने प्रणाली सम्झनुपर्छ।" **<u>देहायको खण्ड (ष१) थप गर्नुपर्ने</u>:-** "(ष१) "फोहोर बैङ्क" भन्नाले वर्गीकरण गरिएको पुनःप्रयोग र प्रशोधनयोग्य फोहोर जम्मा गरी सो बापत नगद, कुपन वा कर/शुल्कमा सहुलियत प्राप्त गर्न स्थानीय तह वा निजी क्षेत्रले स्थापना गरेको केन्द्र सम्झनुपर्छ।"
११.	मा. क्रान्तिशिखा धिताल	२	**<u>खण्ड (झ) मा रहेको,</u>** - "डस्टबिन" भन्ने शब्दको सट्टा "फोहोरदानी" भन्ने शब्द राख्नुपर्ने।
१२.	मा. नितिमा भण्डारी (कार्की)	२	**<u>देहायका खण्ड (घ१), (ट१), (ड१) र (य१) थप गर्नुपर्ने</u>:-** "(घ१) "औषधीजन्य फोहोरमैला" भन्नाले म्याद समाप्त भएको, प्रयोग गर्न नमिल्ने, फिर्ता गरिएको, दूषित वा त्यागिएको औषधी तथा त्यस्तो औषधीबाट उत्पन्न अवशेष वा प्याकेजिङसम्बन्धी फोहोरमैला सम्झनुपर्छ। (ट१) "पुनःप्रशोधन" भन्नाले फोहोरमैलाको प्रकृति, स्वरूप वा गुणमा भौतिक, जैविक, रासायनिक वा अन्य उपयुक्त प्रक्रियाबाट परिवर्तन गरी त्यसको परिमाण वा हानिकारकता घटाउने वा त्यसलाई पुनः प्रयोग, पुनः प्रशोधन, स्रोत पुनःप्राप्ति वा सुरक्षित व्यवस्थापनका लागि उपयुक्त बनाउने प्रक्रिया सम्झनुपर्छ।
१३.	मा. सुशील खड्का मा. आशिष गजुरेल		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(ङ१) "प्रशोधन" भन्नाले फोहोरमैला वा प्रयोग भइसकेको वस्तु वा सामग्रीलाई पुनः कच्चा पदार्थ, सामग्री वा उपयोगी वस्तुको रूपमा प्रयोग गर्न सकिने वस्तु बनाउने प्रक्रिया सम्झनुपर्छ। (य१) "सह-प्रशोधन (Co-processing)" भन्नाले तोकिएको वातावरणीय तथा प्राविधिक मापदण्डको अधीनमा रही उच्च तापक्रममा उपयुक्त फोहोरमैलालाई औद्योगिक प्रक्रियामा वैकल्पिक इन्धन वा कच्चा पदार्थको रूपमा प्रयोग गरी ऊर्जा वा सामग्री पुनःप्राप्ति गर्ने प्रक्रिया सम्झनुपर्छ।"
१४.	मा. धर्मराज के.सी.	२	<u>देहायका खण्ड (घ१) र (य१) थप गर्नुपर्ने</u>:- "(घ१) "औषधीजन्य फोहोरमैला" भन्नाले म्याद समाप्त भएको, प्रयोग गर्न नमिल्ने, फिर्ता गरिएको, दूषित वा त्यागिएको औषधी तथा त्यस्तो औषधीबाट उत्पन्न अवशेष वा प्याकेजिङसम्बन्धी फोहोरमैला सम्झनुपर्छ। (य१) "सह-प्रशोधन (Co-processing)" भन्नाले तोकिएको वातावरणीय तथा प्राविधिक मापदण्डको अधीनमा रही उपयुक्त फोहोरमैलालाई औद्योगिक प्रक्रियामा वैकल्पिक इन्धन वा कच्चा पदार्थको रूपमा प्रयोग गरी ऊर्जा वा सामग्री पुनःप्राप्ति गर्ने प्रक्रिया सम्झनुपर्छ।"
१५.	मा. बोध नारायण श्रेष्ठ	२	<u>देहायका खण्ड (ञ१) र (ढ१) थप गर्नुपर्ने</u>:- "(ञ१) "दिसाजन्य लेदो" भन्नाले सेप्टिक ट्याङ्की, पिट शौचालय वा अन्य स्थानीय सरसफाइ प्रणालीमा जम्मा भएको मलमूत्रयुक्त लेदो सम्झनुपर्छ। (ढ१) "फोहोरपानी" भन्नाले घरायसी, संस्थागत वा व्यावसायिक प्रयोगपछिल्ति, सुरक्षित निष्कासन वा पुनःप्रयोगअघि व्यवस्थापन आवश्यक पर्नेपानी सम्झनुपर्छ।"
१६.	मा. बलावती शर्मा	३	<u>उपदफा (१) को खण्ड (क) को उपखण्ड (८) मा रहेका,</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "त्यस्ता स्थानीय तहको" भन्ने शब्दहरूपछि "अनिवार्य पूर्वसहमति लिई" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१७.	मा. भरत प्रसाद पराजुली	३	<u>उपदफा (१) को खण्ड (क) को उपखण्ड (८) को सट्टा देहायको उपखण्ड (८) राख्नुपर्ने</u>:- "(८) दुई वा सोभन्दा बढी स्थानीय तहले एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा त्यस्ता स्थानीय तहको एकीकृत फोहोरमैला व्यवस्थापन योजना तयार गर्ने र उक्त पालिकाहरूले ब्यवस्थापन भित्रको कुनै काम गरिदिन आग्रह गरेमा उक्त कार्य गर्ने।"
१८.	मा. गणेश बहादुर विश्वकर्मा	३	<u>उपदफा (१) मा देहायका खण्ड (च) र (छ) थप गर्नुपर्ने</u>:- "(च) फोहर उठाउने, छान्ने, वर्गीकरण गर्ने र पुनर्चक्रण गर्ने श्रमिकलाई केवल सरसफाइ मजदुर होइन, औपचारिक श्रम प्रणालीभित्र ल्याइनेछ। उनीहरूका लागि स्वास्थ्य विमा, सामाजिक सुरक्षा र सुरक्षित कार्यस्थल र PPE अनिवार्य गरिनेछ, (छ) उपदफा (च) अनुसारका मजदूरहरूलाई कुनै जाति वा समुदायको आधारमा श्रम गर्न वाध्य पार्ने र जातका आधारमा गरिने भेदभाव शुन्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।"
१९.	मा. लिमा अधिकारी (आचार्य)	३	<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने</u>:- "(३) फोहोरमैलाबाट उत्पादित प्राङ्गारिक मलको न्यूनतम समर्थन मूल्य तोक्ने, रासायनिक मल सरह अनुदान उपलब्ध गराउने तथा वेस्ट-टु-एनर्जीबाट उत्पादित विद्युतको पीपीए अनिवार्य गर्ने।"
२०.	मा. क्रान्तिशिखा धिताल	३	<u>उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) मा रहेको,</u> - "डाटाबेस" भन्ने शब्दको सट्टा "तथ्याङ्क भण्डार" भन्ने शब्दहरू राख्नुपर्ने।
२१.	मा. नितिमा भण्डारी (कार्की)	३	

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
२२.	मा. सुशील खड्का मा. आशिष गजुरेल		<u>उपदफा (१) को खण्ड (क) को उपखण्ड (७) र (८) को सट्टा देहायको उपखण्ड (७) र (८) राखुपर्नेः-</u> "(७) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक जग्गाको उपलब्धता सुनिश्चित गर्ने तथा सम्बन्धित स्थानीय तहबाट अनुरोध प्राप्त भएको मितिले छ महिनाभित्र प्रचलित कानुनबमोजिम त्यस्तो जग्गा उपलब्ध गराउने वा आवश्यक जग्गा प्राप्तिको प्रक्रिया प्रारम्भ गर्ने, र (८) दुई वा सोभन्दा बढी स्थानीय तहले एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहलाई एकीकृत फोहोरमैला व्यवस्थापन योजना तयार गर्न आवश्यक समन्वय, सहजीकरण तथा प्राविधिक सहायता उपलब्ध गराउने।" <u>उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखुपर्नेः-</u> "(१) नेपाल सरकारले केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेससहितको एकीकृत सूचना प्रणाली स्थापना सञ्चालन तथा नियमित अद्यावधिक गर्ने र प्रदेश तथा स्थानीय तहबाट प्राप्त फोहोरमैला सम्बन्धी तथ्याङ्क तथा विवरण सो प्रणालीमा एकीकृत गर्ने, गराउने," <u>उपदफा (१) को खण्ड (ग) को उपखण्ड (१) र (२) को सट्टा देहायको उपखण्ड (१) र (२) राखुपर्नेः-</u> "(१) फोहोरमैला सङ्कलनको पहुँच, स्रोतमा वर्गीकरणको दर, पुनः प्रयोग तथा पुनः प्रशोधनको दर, अन्तिम विसर्जनमा जाने फोहोरमैलाको न्यूनीकरण, सेवा नियमितता लगायत नेपाल सरकारले निर्धारण गर्ने र सोका आधारमा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन तथा ग्रेडिङ गरी सार्वजनिक गर्ने, र

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(२) उपखण्ड (१) बमोजिमका नेपाल सरकारले निर्धारण गरेका कार्यसम्पादन सूचकको उपलब्धि, फोहोरमैलाको परिमाण, सेवा क्षेत्र, आवश्यक पूर्वाधार, वित्तीय क्षमता तथा आवश्यकताका आधारमा स्थानीय तहलाई अनुदान, सहलगानी, प्रोत्साहन वा अन्य सुविधा प्रदान गर्ने।" **<u>देहायका उपदफा (६) र (७) थप गर्नुपर्ने</u>:-** "(६) प्रदेश सरकार तथा स्थानीय तहलाई फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना तर्जुमा, परियोजना तयारी, प्राविधिक परामर्श, क्षमता विकास तथा कार्यान्वयनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालयमा एक फोहोरमैला प्राविधिक सहायता इकाई रहनेछ। (७) उपदफा (६) बमोजिमको इकाईले प्रदेश सरकार तथा स्थानीय तहलाई योजना तथा परियोजना तयारी, प्राविधिक परामर्श, अध्ययन, क्षमता विकास, अनुगमन तथा मूल्याङ्कनमा आवश्यक सहायता उपलब्ध गराउनेछ। इकाईको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।"
२३.	मा. धर्मराज के.सी.	३	**<u>उपदफा (१) को खण्ड (क) को उपखण्ड (७) र (८) को सट्टा देहायका उपखण्ड (७) र (८) राख्नुपर्ने</u>:-** "(७) फोहोरमैला व्यवस्थापनका लागि आवश्यक जग्गाको उपलब्धता सुनिश्चित गर्ने तथा सम्बन्धित स्थानीय तहबाट अनुरोध प्राप्त भएको मितिले नौं महिनाभित्र प्रचलित कानुनबमोजिम त्यस्तो जग्गा उपलब्ध गराउने वा आवश्यक जग्गा प्राप्तिको प्रक्रिया प्रारम्भ गर्ने, (८) दुई वा सोभन्दा बढी स्थानीय तहले एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहलाई एकीकृत फोहोरमैला व्यवस्थापन

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			योजना तयार गर्न आवश्यक समन्वय, सहजीकरण तथा प्राविधिक सहायता उपलब्ध गराउने।" **<u>उपदफा (१) को खण्ड (ख) को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राख्नुपर्ने</u>:-** "(१) नेपाल सरकारले केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेससहितको एकीकृत सूचना प्रणाली स्थापना, सञ्चालन तथा नियमित अद्यावधिक गर्ने र प्रदेश तथा स्थानीय तहबाट प्राप्त फोहोरमैला सम्बन्धी तथ्याङ्क तथा विवरण सो प्रणालीमा एकीकृत गर्ने।" **<u>उपदफा (१) को खण्ड (ग) को उपखण्ड (१) र (२) को सट्टा देहायको उपखण्ड (१) र (२) राख्नुपर्ने</u>:-** "(१) फोहोरमैला सङ्कलनको पहुँच, स्रोतमा वर्गीकरणको दर, पुनः प्रयोग तथा पुनः प्रशोधनको दर, अन्तिम विसर्जनमा जाने फोहोरमैलाको न्यूनीकरण, सेवा नियमितता तथा अन्य तोकिएका मापनयोग्य कार्यसम्पादन सूचकका आधारमा (Key Performance Indicator) का आधारमा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन तथा ग्रेडिङ गरी सार्वजनिक गर्ने, र (२) उपखण्ड (१) बमोजिमका कार्यसम्पादन सूचकको उपलब्धि, फोहोरमैलाको परिमाण, सेवा क्षेत्र, आवश्यक पूर्वाधार, वित्तीय क्षमता तथा फोहोरमैला व्यवस्थापनको आवश्यकताका आधारमा स्थानीय तहलाई अनुदान, सहलगानी, प्रोत्साहन वा अन्य सुविधा प्रदान गर्ने।" **<u>उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(६) फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना तर्जुमा, परियोजना तयारी, प्राविधिक परामर्श, क्षमता विकास तथा कार्यान्वयनमा सहयोग पुऱ्याउन फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय हेर्ने मन्त्रालयमा एक फोहोरमैला प्राविधिक सहायता इकाई रहनेछ। (७) उपदफा (६) बमोजिमको इकाईले फोहोरमैला व्यवस्थापन सम्बन्धी योजना तथा परियोजना तयारी, प्राविधिक परामर्श, अध्ययन, क्षमता विकास, अनुगमन तथा मूल्याङ्कनमा आवश्यक सहायता उपलब्ध गराउनेछ। इकाईको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।"
२४.	मा. परशुराम तामाङ्ग	४	**<u>खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखुपर्ने</u>:-** "(ज) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको फोहोरमैला आफैं नियम बनाई व्यवस्थापन गर्न सक्नेछ।"
२५.	मा. भरत प्रसाद पराजुली	४	**<u>खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्ने</u>:-** "(च) दुई वा सोभन्दा बढी स्थानीय तहले एकीकृत फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा नेपाल सरकारको योजनामा दोहोरो नपर्ने गरी त्यस्ता स्थानीय तहको एकीकृत फोहोरमैला व्यवस्थापन योजना तयार गर्ने र ती स्थानीय तहहरूले फोहोर मैला व्यवस्थापनमा वा व्यवस्थापन भित्रको कुनै काम गरिदिन आग्रह गरेमा उक्त कार्य गर्ने।"
२६.	मा. नितिमा भण्डारी (कार्की)	४	**<u>खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखुपर्ने</u>:-** "(च) दुई वा सोभन्दा बढी स्थानीय तहले एकीकृत रूपमा फोहोरमैला व्यवस्थापन गर्नुपर्ने भएमा त्यस्ता स्थानीय तहलाई एकीकृत फोहोरमैला व्यवस्थापन योजना तयार गर्न, पुनरावलोकन गर्न तथा कार्यान्वयन गर्न आवश्यक समन्वय, सहजीकरण तथा प्राविधिक सहायता उपलब्ध गराउने।"
२७.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
२८.	मा. धर्मराज के.सी.		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
२९.	मा. धर्मराज के.सी.	४	**<u>देहायको खण्ड (झ) थप गर्नुपर्ने</u>:-** "(झ) प्रदेश सरकारले प्रदेशभित्रका स्थानीय तहले केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेसमा उपलब्ध गराएको तथ्याङ्क नियमित रूपमा जाँच गरी त्रुटि वा कमी भएमा सच्याउन लगाउने र आवश्यक परे प्रदेशस्तरको तथ्याङ्कसमेत सो डाटाबेसमा उपलब्ध गराउने।"
३०.	मा. भरत प्रसाद पराजुली	५	**<u>देहायको उपदफा (८) थप गर्नुपर्ने</u>:-** "(८) फोहोरमैला सम्बन्धी कुनै पनि कार्य गर्ने प्रयोजनका लागि आफ्नो क्षेत्र भित्र जग्गा उपलब्ध गराउने सम्पूर्ण अधिकार सम्बन्धित स्थानीय तहमा निहित रहनेछ। यस प्रयोजनको लागि सङ्घीय सरकारको निर्णय आवश्यक हुने छैन।"
३१.	मा. गणेश बहादुर विश्वकर्मा	५	**<u>दफा ५ को दफाशीर्षमा रहेका,</u>** - "**<u>स्थानीय तहको जिम्मेवारी</u>**" भन्ने शब्दहरूको सट्टा "**<u>स्थानीय तह</u>**" भन्ने शब्दहरू राख्नुपर्ने:- **<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) स्थानीय तह, नागरिक र उत्पादकबिच अनुशासनयुक्त प्रणाली स्थापना गरी फोहरलाई स्रोतका रूपमा हेरिनेछ र स्थानीय तहको संरक्षित भूमिका र अन्तरपालिका सहकार्यलाई प्राथमिकतामा राखिनेछ।"
३२.	मा. लिमा अधिकारी (आचार्य)	५	**<u>उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "यसका लागि स्थानीय तहले 'स्रोतमा नै फोहोर नछुट्याएमा फोहोर नउठाउने' नीति अनिवार्य रूपमा लागु गर्नु पर्नेछ।" **<u>उपदफा (२) मा देहायको खण्ड (च) थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(च) प्रत्येक वडा स्तरमा 'फोहोर बैङ्क' तथा पुनःप्रयोग/अपसाइकल केन्द्रको स्थापना र सञ्चालन।"
३३.	मा. कुसुम महर्जन	५	<u>उपदफा (३) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गर्नुपर्ने</u>ः- "तर यसरी जिम्मेवारी सुम्पिएको कारणले सेवा गुणस्तर, वातावरणीय मापदण्ड तथा नियमित अनुगमनसम्बन्धी स्थानीय तहको जिम्मेवारी समाप्त भएको मानिने छैन।"
३४.	मा. नितिमा भण्डारी (कार्की)	५	<u>उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने</u>ः- "(६) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको फोहोरमैला सम्बन्धी तथ्याङ्क दैनिक रूपमा सङ्कलन तथा अद्यावधिक गरी प्रत्येक दिन केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेसमा उपलब्ध गराउनु पर्नेछ। त्यस्तो तथ्याङ्कमा कम्तीमा देहायका विवरण समावेश गर्नु पर्नेछः- (क) अभिलेखीकृत कुल घरपरिवार, ती घरपरिवारबाट उत्सर्जन हुने फोहोरमैलाको परिमाण र शुल्कको विवरण, (ख) दैनिक रुपमा उत्पादन, सङ्कलन, वर्गीकरण, ढुवानी, पुनः प्रयोग, पुनः प्रशोधन, प्रशोधन तथा अन्तिम विसर्जनसम्बन्धी तथ्याङ्क, (ग) फोहोरमैला उत्पन्न हुने वस्तु वा सामग्रीका उत्पादक तथा उत्पादनसम्बन्धी विवरण, (घ) पैठारीकर्ता, वितरक तथा व्यापारीसम्बन्धी विवरण, र (ङ) औद्योगिक, व्यावसायिक, संस्थागत तथा अन्य प्रमुख उत्सर्जनकर्ता तथा व्यवस्थापनमा संलग्न संस्था वा निकायसम्बन्धी विवरण।"
३५.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
३६.	मा. धर्मराज के.सी.	५	<u>उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्ने</u>ः-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(६) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको फोहोरमैला सम्बन्धी तथ्याङ्क दैनिक रूपमा सङ्कलन तथा अद्यावधिक गरी केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेसमा उपलब्ध गराउनु पर्नेछ। त्यस्तो तथ्याङ्कमा कम्तीमा देहायका विवरण समावेश गर्नु पर्नेछः- (क) स्थानीय तहभित्र अभिलेखीकृत कुल घरपरिवारको संख्या, फोहोरमैला सङ्कलन सेवामा समेटिएका घरपरिवारको संख्या तथा ती घरपरिवारबाट उत्सर्जन हुने फोहोरमैलाको परिमाण र प्रकृति, (ख) स्थानीय तहमा उत्पादन, सङ्कलन, वर्गीकरण, ढुवानी, पुनः प्रयोग, पुनः प्रशोधन, प्रशोधन तथा अन्तिम विसर्जन हुने फोहोरमैलाको तथ्याङ्क, (ग) फोहोरमैला उत्सर्जन गर्ने उत्पादक तथा उत्पादनसम्बन्धी विवरण, (घ) फोहोरमैला उत्सर्जन हुने वस्तु वा सामग्रीका पैठारीकर्ता, वितरक तथा व्यापारीसम्बन्धी विवरण, र (ङ) औद्योगिक, व्यावसायिक, संस्थागत तथा अन्य प्रमुख फोहोरमैला उत्सर्जनकर्ता तथा फोहोरमैला व्यवस्थापनमा संलग्न संस्था वा निकायसम्बन्धी विवरण।"
३७.	मा. बोध नारायण श्रेष्ठ	५	<u>उपदफा (२) मा देहायको खण्ड (च) थप गर्नुपर्ने</u>:- "(च) प्रचलित खानेपानी तथा सरसफाइसम्बन्धी कानुन बमोजिम सम्बन्धित निकायसँग समन्वय गरी फोहोरपानी र दिसाजन्य लेदोको सङ्कलन, ढुवानी तथा प्रशोधन स्थल।"
३८.	मा. रुबिना आचार्य	५	<u>उपदफा (१) मा रहेको,</u> - "फोहोरमैला" भन्ने शब्दपछि "स्रोतमै वर्गीकरण गराई" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>उपदफा (२) को खण्ड (क) को सुरुमा,</u> - "संकलन तथा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
३९.	मा. भरत प्रसाद पराजुली	७	<u>दफा ७ को दफाशीर्षकको सट्टा देहायको दफाशीर्षक राख्नुपर्ने</u>:- - "<u>फोहोरमैला उत्पादक, समूह, संस्था वा निकायको दायित्व</u> :"
४०.	मा. लिमा अधिकारी (आचार्य)	७	<u>उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नुपर्ने</u>:- "(च) स्थानीय तहले तोके अनुसार कुहिने, नकुहिने र जोखिमयुक्त/विद्युतीय फोहोरलाई स्रोतमै अनिवार्य रूपमा ३ फरक रङका भाँडा वा डस्टबिनमा वर्गीकरण गरी निष्कासन गर्ने,"
४१.	मा. लिमा अधिकारी (आचार्य)	८	<u>देहायको उपदफा (९) थप गर्नुपर्ने</u>:- "(९) उत्पादक वा आयातकर्ताले आफूले बजारमा पठाएको प्लास्टिक वा विद्युतीय सामग्रीको कम्तीमा ६० प्रतिशत भाग पुनः सङ्कलन गरी प्रशोधन गरेको प्रमाणित विवरण वार्षिक रूपमा बुझाउनुपर्नेछ। सो नगरेमा वातावरणीय क्षतिपूर्ति शुल्क असुल गरिनेछ।"
४२.	मा. नितिमा भण्डारी (कार्की)	८	<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:- "(१क) फोहोरमैला उत्सर्जन वा उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको दायित्वको अनुगमन तथा कार्यान्वयन सम्बन्धित स्थानीय तहले र उत्पादक वा मुख्य आधिकारिक बिक्रेताको दायित्वको अनुगमन तथा कार्यान्वयन नेपाल सरकारको सम्बन्धित मन्त्रालयले गर्नेछ।" <u>उपदफा (५) मा रहेका,</u> - "फोहोरमैलाको व्यवस्थापन स्थानीय तहले" भन्ने शब्दहरूपछि "आफैंले वा सम्बन्धित फोहोरमैला व्यवस्थापनमा अनुभव तथा प्राविधिक क्षमता भएको अनुमतिपत्र प्राप्त संस्था वा निकायमार्फत" भन्ने शब्दहरू थप गर्नुपर्ने।
४३.	मा. सुशील खड्का मा. आशिष गजुरेल		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>उपदफा (६) पछि देहायको उपदफा (६क) थप गर्नुपर्ने</u>:- "(६क) उत्पादक वा मुख्य आधिकारिक बिक्रेताले आफ्नो दायित्व पूरा नगरेमा सम्बन्धित मन्त्रालयले त्यस्तो दायित्व पूरा गर्न निर्देशन दिन सक्नेछ र आवश्यक परे व्यवस्थापन गराई लागेको खर्च सम्बन्धित उत्पादक वा मुख्य आधिकारिक बिक्रेताबाट असुल गर्न सक्नेछ।" <u>उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्नुपर्ने</u>:- "(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय सामग्री, ब्याट्री, टायर, प्लास्टिकजन्य, काँचजन्य तथा वातावरणमा प्रतिकूल असर पार्ने अन्य वस्तु वा सामग्रीको सम्बन्धित उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक बिक्रेताले प्रत्येक वर्ष त्यस्तो वस्तु वा सामग्रीको फिर्ता सङ्कलन तथा व्यवस्थापन प्रणाली सञ्चालन गर्नुपर्नेछ। त्यसरी फिर्ता सङ्कलन गरिएको वस्तु वा सामग्रीको प्रकृतिअनुसार पुनः प्रयोग, पुनः प्रशोधन, स्रोत पुनःप्राप्ति वा वातावरणीय रूपमा सुरक्षित व्यवस्थापन सुनिश्चित गरी सो को प्रमाण पेस गर्नु पर्नेछ।"
४४.	मा. धर्मराज के.सी.	८	<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:- "(१क) यस दफाबमोजिम फोहोरमैला उत्सर्जन वा उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको दायित्वको अनुगमन तथा कार्यान्वयन सम्बन्धित स्थानीय तहले र उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक बिक्रेताको दायित्वको अनुगमन तथा कार्यान्वयन फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले गर्नेछ।" <u>उपदफा (५) र (६) को सट्टा देहायको उपदफा (५) र (६) राख्नुपर्ने</u>:- "(५) यस दफाबमोजिम फोहोरमैला उपयोग वा प्रशोधन गरी बाँकी रहेको फोहोरमैलाको व्यवस्थापन गरिदिन कुनै उद्योग वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा फोहोरमैलाको प्रकृतिअनुसार स्थानीय तहले निर्धारण गरेबमोजिमको सेवा शुल्क लिई स्थानीय

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			तह आफैंले वा सम्बन्धित फोहोरमैला व्यवस्थापनमा अनुभव तथा प्राविधिक क्षमता भएको अनुमतिपत्र प्राप्त संस्था वा निकायमार्फत त्यस्तो फोहोरमैलाको व्यवस्थापन गर्न सक्नेछ। (६) यस दफाबमोजिम फोहोरमैला उत्सर्जन वा उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहोरमैलाको व्यवस्थापन नगरेमा सम्बन्धित स्थानीय तहले त्यस्तो फोहोरमैला व्यवस्थापन गरी लागेको खर्च सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट असुल गर्नेछ।" **<u>उपदफा (६) पछि देहायको उपदफा (६क) थप गर्नुपर्ने</u>**:- "(६क) यस दफाबमोजिम उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक बिक्रेताले आफ्नो दायित्व पूरा नगरेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले त्यस्तो दायित्व पूरा गर्न निर्देशन दिन सक्नेछ र आवश्यक परे सम्बन्धित निकायमार्फत त्यस्तो फोहोरमैला व्यवस्थापन गराई लागेको खर्च सम्बन्धित उत्पादक वा मुख्य आधिकारिक बिक्रेताबाट असुल गर्न सक्नेछ।" **<u>उपदफा (८) को सट्टा देहायको उपदफा (८) राख्नुपर्ने</u>**:- "(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय सामग्री, ब्याट्री, टायर तथा प्लास्टिकजन्य वस्तुको सम्बन्धित उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक बिक्रेताले त्यस्तो वस्तुको फिर्ता सङ्कलन प्रणाली सञ्चालन गरी सङ्कलित वस्तुको प्रकृतिअनुसार पुनः प्रयोग, पुनः प्रशोधन, स्रोत पुनःप्राप्ति वा वातावरणीय रूपमा सुरक्षित व्यवस्थापन सुनिश्चित गर्नु पर्नेछ।"
४५.	मा. बलावती शर्मा	१०	**<u>उपदफा (४) मा रहेका,</u>** - "तीन वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "दुई वर्ष (२ वर्ष) भित्र" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
४६.	मा. भरत प्रसाद पराजुली	१०	<u>उपदफा (४)</u> झिक्नुपर्ने।
४७.	मा. लिमा अधिकारी (आचार्य)	१०	<u>उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>ः- - "सार्वजनिक स्थान वा नदी क्षेत्रमा फोहोर फाल्नेलाई सिसीटिभी वा डिजिटल प्रमाणका आधारमा तत्कालै कडा जरिबाना गरिनेछ र सुराकी दिने नागरिकलाई जरिबाना रकमको निश्चित प्रतिशत पुरस्कार स्वरूप प्रदान गरिनेछ।"
४८.	मा. नितिमा भण्डारी (कार्की)	१०	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>ः- "(३) नदी, खोला, हिमनदी, हिमताल, ताल, पोखरी, सिमसार तथा जलाधार, वन क्षेत्र तथा वातावरणीय रूपमा संवेदनशील हिमाली वा पर्वतीय क्षेत्रमा कुनै पनि प्रकारको फोहोर फाल्न वा विसर्जन गर्न पाइनेछैन।"
४९.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
५०.	मा. धर्मराज के.सी.	१०	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>ः- "(३) नदी, खोला, हिमनदी, हिमताल, ताल, पोखरी, सिमसार, जलाधार, वन क्षेत्र तथा वातावरणीय रूपमा संवेदनशील हिमाली वा पर्वतीय क्षेत्रमा कुनै पनि प्रकारको फोहोर फाल्न वा विसर्जन गर्न पाइनेछैन।"
५१.	मा. बोध नारायण श्रेष्ठ	१०	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>ः- "(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत नदीमा मिसिएको ढल व्यवस्थापनसम्बन्धी जिम्मेवार निकाय वा व्यक्तिले प्रचलित खानेपानी तथा सरसफाइसम्बन्धी कानुनबमोजिम ढलको प्रशोधन तथा सुरक्षित निष्कासनका लागि लागत, जिम्मेवारी र समयसीमासहितको चरणबद्ध कार्ययोजना तयार गरी तीन वर्षभित्र कार्यान्वयन गरिसक्नु पर्नेछ।"
५२.	मा. कमल सुबेदी	१०	<u>उपदफा (४) मा रहेका,</u> - "तीन वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "दुई वर्षभित्र" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
५३.	मा. बोध नारायण श्रेष्ठ	**दफा थप**	<u>दफा १० पछि देहायको दफा १०क. थप गर्नुपर्नेः-</u> "१०क. <u>फोहोरपानी तथा दिसाजन्य लेदोको सुरक्षित व्यवस्थापन</u> : (१) प्रचलित कानुनले तोकेको मापदण्डविपरीत अप्रशोधित फोहोरपानी वा दिसाजन्य लेदो नदी, खोला, जलस्रोत वा सार्वजनिक स्थानमा निष्कासन गर्न पाइने छैन। (२) सेप्टिक ट्याङ्की वा पिट शौचालयबाट निकालिएको लेदो सुरक्षित रूपमा सङ्कलन गरी चुहावट नहुने साधनबाट स्वीकृत प्रशोधन स्थलमा मात्र पुऱ्याउनु पर्नेछ। (३) प्रशोधित पानीको पुनः प्रयोग वा निष्कासन तथा प्रशोधनपछि बाँकी पदार्थको व्यवस्थापन तोकिएको जनस्वास्थ्य र वातावरणीय मापदण्डबमोजिम हुनेछ। (४) यस दफाको कार्यान्वयन प्रचलित खानेपानी तथा सरसफाइसम्बन्धी कानुनबमोजिम सम्बन्धित निकायसँग समन्वय गरी हुनेछ।"
५४.	मा. निशा डाँगी	११	<u>उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्नेः-</u> "(२क) उपदफा (१) बमोजिम स्रोतमा छुट्याइएको फोहोरमैलाको सङ्कलन, ढुवानी, भण्डारण तथा प्रशोधन गर्दा वर्गीकृत फोहोरमैला पुनः मिश्रण हुन नदिने गरी छुट्टाछुट्टै व्यवस्थापन गर्नु पर्नेछ।"
५५.	मा. नितिमा भण्डारी (कार्की)	११	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्नेः-</u> "(३) उपदफा (२) को प्रयोजनका लागि फोहोरमैला उत्सर्जन गर्ने व्यक्ति, संस्था वा निकायले आफ्नै खर्चमा जोखिमयुक्त, कुहिने र नकुहिने फोहोरमैलाका लागि छुट्टाछुट्टै बन्द ढक्कन भएको कम्तीमा तीन वटा डस्टबिनको व्यवस्था गर्नु पर्नेछ।"
५६.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
५७.	मा. धर्मराज के.सी.		
५८.	मा. नितिमा भण्डारी (कार्की)	१३	<u>उपदफा (१) मा रहेका,</u>
५९.	मा. सुशील खड्का मा. आशिष गजुरेल		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "सवारी साधन बिसौनी स्थल" भन्ने शब्दहरूपछि ", धार्मिक तथा सांस्कृतिक स्थल, पर्यटकीय स्थल, पदयात्रा मार्ग तथा पर्यटकको बढी आवागमन हुने क्षेत्र" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>देहायको उपदफा (५) थप गर्नुपर्ने</u>:-** "(५) उपदफा (१) बमोजिम राखिएको डस्टबिनमा सङ्कलन भएको फोहोरमैला नियमित रूपमा उठाउने, ढुवानी गर्ने तथा यस ऐनबमोजिम व्यवस्थापन गर्ने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनु पर्नेछ।"
६०.	मा. धर्मराज के.सी.	१३	**<u>उपदफा (१) मा रहेका,</u>** - "सार्वजनिक यातायात, सवारी साधन बिसौनी स्थल" भन्ने शब्दहरूपछि ", धार्मिक तथा सांस्कृतिक स्थल, पर्यटकीय स्थल, पदयात्रा मार्ग तथा पर्यटकको बढी आवागमन हुने क्षेत्र" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>देहायको उपदफा (५) थप गर्नुपर्ने</u>:-** "(५) उपदफा (१) बमोजिम राखिएको डस्टबिनमा सङ्कलन भएको फोहोरमैला नियमित रूपमा उठाउने, ढुवानी गर्ने तथा यस ऐनबमोजिम व्यवस्थापन गर्ने व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउनु पर्नेछ।"
६१.	मा. भरत प्रसाद पराजुली	१४	**<u>उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राखुपर्ने</u>:-** "(२) उपदफा (१) बमोजिम ढुवानी गर्ने वा गराउने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहले तीन महिनाभित्र मापदण्ड बनाई त्यस्तो मापदण्ड पूरा गरेको कम्तीमा तीन च्याम्बर भएको सवारी साधनमार्फत गर्नु पर्नेछ। तोकिएबमोजिम अलग-अलग सवारीसाधन मार्फत ढुवानी गर्नुपर्नेछ। तीन च्याम्बरको सवारीसाधन उपलब्ध नभएमा अलग-अलग सवारी साधन मार्फत सङ्कलन र ढुवानी गर्न सकिनेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(३) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (२) बमोजिमको मापदण्ड पूरा नगरेको सवारी साधन भएमा मापदण्ड जारी भएको मितिले छ महिनाभित्र त्यस्तो मापदण्ड बमोजिम सवारी साधनको स्तरीकरण (मोडिफाई) गर्नुपर्ने वा तोकिएबमोजिमका अलग-अलग सवारीसाधन मार्फत ढुवानी गर्नु पर्नेछ।"
६२.	मा. लिमा अधिकारी (आचार्य)	१४	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) स्थानीय तहले फोहोर ढुवानी गर्दा अनिवार्य रूपमा लिकेज-प्रुफ (रस नचुहिने), कम्प्याक्टर र जिपिएस ट्र्याकिङ जडित सवारी साधन मात्र प्रयोग गर्नुपर्नेछ। कुहिने र नकुहिने फोहोर एकै सवारी साधनमा मिसाउन पाइने छैन।"
६३.	मा. कुसुम महर्जन	१४	<u>उपदफा (२) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "ढुवानी साधनबाट फोहोर तथा दूषित पानी चुहावट हुन नदिने, दुर्गन्ध नियन्त्रण गर्ने र नियमित सरसफाइ गर्ने मापदण्डसमेत अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।"
६४.	मा. सुशील खड्का मा. आशिष गजुरेल	१४	<u>उपदफा (२) मा रहेका,</u> - "कम्तीमा तीन च्याम्बर भएको सवारी साधनमार्फत" भन्ने शब्दहरूको सट्टा "वर्गीकृत फोहोरमैला नमिसिने गरी छुट्टाछुट्टै सवारी साधनमार्फत वा फोहोरमैलाको प्रकारअनुसार फरकफरक दिन वा समय तोकी" भन्ने शब्दहरू राख्नुपर्ने।
६५.	मा. धर्मराज के.सी.	१४	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिम फोहोरमैला ढुवानी गर्ने वा गराउने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहले तीन महिनाभित्र मापदण्ड बनाई त्यस्तो मापदण्ड पूरा गरेको कम्तीमा तीन च्याम्बर भएको सवारी साधनबाट वा त्यस्तो सवारी साधन उपलब्ध नभएमा दफा ११ बमोजिम वर्गीकरण गरिएको फोहोरमैला आपसमा नमिसिने गरी सोही वा अलग सवारी साधनबाट छुट्टाछुट्टै पटक ढुवानी गर्नु पर्नेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने</u>:- "(५) जोखिमयुक्त वा हानिकारक पदार्थयुक्त फोहोरमैला अन्य फोहोरमैलासँग नमिसिने गरी बन्द, चुहावट नहुने तथा तोकिएको सुरक्षा मापदण्ड पूरा गरेको सवारी साधनबाट छुट्टै ढुवानी गर्नु पर्नेछ।"
६६.	मा. कमल सुबेदी	१४	<u>उपदफा (२) मा रहेका,</u> - "सवारी साधनमार्फत गर्नु पर्नेछ" भन्ने शब्दहरूपछि "र त्यस्ता सवारी साधनहरू पूर्ण रूपमा ढाकिएका (Covered) वा गन्ध तथा लेदो चुहावट नहुने प्रविधियुक्त हुनुपर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६७.	मा. निशा डाँगी	१५	<u>देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:- "(४) स्रोतमै वर्गीकरण गरी सङ्कलन गरिएको जैविक फोहोरलाई सम्भव भएसम्म कम्पोष्ट मल, बायोग्यास वा अन्य स्रोत पुनःप्राप्तिको प्रक्रियामा लैजानु पर्नेछ र पुनःप्रयोग वा पुनःचक्रीय प्रयोगयोग्य फोहोरलाई पुनःप्रयोग वा पुनःचक्रीय प्रयोगका लागि उपयोग गर्नु पर्नेछ। अन्तिम विसर्जनमा पठाइने फोहोरको परिमाणलाई सम्भव भएसम्म न्यूनतम राख्नु पर्नेछ।"
६८.	मा. नितिमा भण्डारी (कार्की)	१५	<u>उपदफा (२) मा रहेका,</u> - "व्यवस्थापन हुन नसकेको फोहोरमैला" भन्ने शब्दहरूको सट्टा "उपयोग, पुनः प्रयोग, चक्रीय प्रयोग वा प्रशोधनबाट व्यवस्थापन हुन नसकेको फोहोरमैलालाई आवश्यक उपचार गरी त्यसबाट बाँकी रहेको फोहोरमैला मात्र" भन्ने शब्दहरू राख्नुपर्ने। - "स्यानिटरी ल्याण्डफिल साइट" भन्ने शब्दहरूपछि "वा तोकिएको मापदण्डबमोजिमको सुरक्षित अन्तिम विसर्जन स्थल" भन्ने शब्दहरू थप गर्नुपर्ने।
६९.	मा. सुशील खड्का मा. आशिष गजुरेल		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
७०.	मा. धर्मराज के.सी.	१५	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिम उपयोग, पुनः प्रयोग, चक्रीय प्रयोग वा प्रशोधनबाट व्यवस्थापन हुन नसकेको फोहोरमैलालाई आवश्यक उपचार गरी त्यसबाट बाँकी रहेको फोहोरमैलालाई मात्र स्यानेटरी ल्याण्डफिल साइट वा तोकिएको मापदण्डबमोजिमको सुरक्षित अन्तिम विसर्जन स्थलमा विसर्जन गरी व्यवस्थापन गर्नु पर्नेछ।"
७१.	मा. कमल सुबेदी	१५	<u>देहायको उपदफा (४) थप गर्नुपर्ने</u>:- "(४) स्थानीय तहले स्यानिटरी ल्याण्डफिल साइटमा विसर्जन गरिने फोहोरमैलाको परिमाणलाई कुल उत्सर्जित फोहोरको बढीमा २० प्रतिशतमा सीमित गर्ने गरी न्यूनतम विसर्जन (Zero Landfill) को नीति अवलम्बन गर्नु पर्नेछ।"
७२.	मा. परशुराम तामाङ्ग	१६	<u>उपदफा (१) मा रहेको,</u> - "निजी" भन्ने शब्दपछि "सामुदायिक" भन्ने शब्द राख्नुपर्ने।
७३.	मा. ऐन बहादुर महर	१६	<u>उपदफा (२) को खण्ड (घ) मा मा रहेका,</u> - "फोहोरमैला विसर्जन, वा" भन्ने शब्दहरूपछि "वर्गीकरण गरी व्यवस्थापन, वा" भन्ने शब्दहरू थप गर्नुपर्ने।
७४.	मा. परशुराम तामाङ्ग	१७	<u>उपदफा (१) र (२) रहेका,</u> - "सार्वजनिक-निजी" भन्ने शब्दहरूपछि "सामुदायिक" भन्ने शब्द थप गर्नुपर्ने।
७५.	मा. गुरु प्रसाद बराल	१७	<u>उपदफा (१) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "प्रचलित कानुनमा कुनै विषय स्पष्ट रूपमा समेटिएको नभएमा यसै ऐन तथा यसअन्तर्गत बनेका नियम, कार्यविधि वा मापदण्डबमोजिम साझेदारी गर्न सकिने।"
७६.	मा. नितिमा भण्डारी (कार्की)	१७	<u>उपदफा (२) मा रहेका,</u> - "सम्भाव्यता" भन्ने शब्द झिक्नुपर्ने।
७७.	मा. सुशील खड्का		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
	मा. आशिष गजुरेल		<u>देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:- "(३) नेपाल सरकारले सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने फोहोरमैला व्यवस्थापनसम्बन्धी परियोजनाको तयारी, सम्भाव्यता अध्ययन, परियोजना संरचना, प्राविधिक तथा वित्तीय परामर्श, सम्झौता व्यवस्थापन तथा कार्यान्वयनमा आवश्यक सहयोग उपलब्ध गराउन फोहोरमैला प्राविधिक व्यवस्थापन सहायता केन्द्र स्थापना गर्न सक्नेछ।"
७८.	मा. धर्मराज के.सी.	१७	<u>उपदफा (२) मा रहेका,</u> - "सम्भाव्यता" भन्ने शब्द झिक्नुपर्ने।
७९.	मा. कुसुम महर्जन	१८	<u>उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "त्यस्तो कार्ययोजनामा जोखिमयुक्त फोहोरको छुट्टै सङ्कलन, प्रशोधन, सुरक्षित विसर्जन तथा आकस्मिक व्यवस्थापनको विवरण अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।" <u>उपदफा (५) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "सो अवधिभर त्यस्ता संस्थाले प्रचलित वातावरणीय तथा स्वास्थ्य सुरक्षासम्बन्धी न्यूनतम मापदण्ड अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।"
८०.	मा. कमल सुबेदी	१८	<u>उपदफा (५) मा रहेका,</u> - "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "छ महिनाभित्र" भन्ने शब्दहरू राख्नुपर्ने।
८१.	मा. नितिमा भण्डारी (कार्की)	दफा थप	<u>दफा १८ पछि देहायको दफा १८क. थप गर्नुपर्ने</u>:- "१८क. <u>पर्यटन, धार्मिक तथा सांस्कृतिक स्थल सम्बन्धी फोहोरमैला व्यवस्थापन</u> : (१) होटल, रिसोर्ट, होमस्टे, क्याम्पिङ स्थल, पदयात्रा, पर्वतारोहण वा अन्य पर्यटन व्यवसाय वा सेवा तथा धार्मिक वा सांस्कृतिक स्थल, मेला, पर्व, जात्रा वा अन्य धार्मिक तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्न प्रचलित कानुनबमोजिम अनुमति लिनुपर्ने भएमा
८२.	मा. सुशील खड्का मा. आशिष गजुरेल		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			अनुमतिअघि फोहोरमैला सङ्कलन, वर्गीकरण, ढुवानी तथा व्यवस्थापनसम्बन्धी कार्ययोजना सम्बन्धित स्थानीय तहमा पेस गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको कार्ययोजना उपयुक्त देखिएमा स्थानीय तहले सम्बन्धित निकायमा सिफारिस गर्नेछ। (३) पदयात्रा, पर्वतारोहण, क्याम्पिङ वा हिमाली तथा पर्वतीय पर्यटन गतिविधि तथा धार्मिक वा सांस्कृतिक मेला, पर्व, जात्रा वा अन्य गतिविधि सञ्चालन गर्ने व्यक्ति, संस्था वा आयोजकले त्यस्तो गतिविधिबाट उत्सर्जित फोहोरमैला तोकिएको सङ्कलन स्थलसम्म फिर्ता ल्याई वा पुऱ्याई व्यवस्थापन गर्नु पर्नेछ। (४) अनुमति दिने निकायले उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन कार्ययोजना तथा स्थानीय तहको सिफारिसलाई आधार लिनु पर्नेछ।"
८३.	मा. ऐन बहादुर महर	१९	**<u>दफा १९ मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "साथै पर्यावरण र वतावारीय प्रदूषण गर्ने खालका उद्योग वा व्यवसाय भए सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत फोहरमैला व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।"
८४.	मा. धर्मराज के.सी.	**दफा थप**	**<u>दफा १९ पछि देहायको दफा १९क. थप गर्नुपर्ने</u>:-** "**१९क. <u>पर्यटन सम्बन्धी फोहोरमैला व्यवस्थापन</u> : :** (१) होटल, रिसोर्ट, होमस्टे, क्याम्पिङ स्थल, पदयात्रा, पर्वतारोहण वा अन्य पर्यटन सम्बन्धी व्यवसाय वा सेवा सञ्चालन गर्न प्रचलित कानुनबमोजिम अनुमति लिनुपर्ने भएमा त्यस्तो अनुमति लिनुअघि सञ्चालनबाट उत्सर्जन हुने फोहोरमैलाको सङ्कलन, वर्गीकरण, ढुवानी तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना तयार गरी सम्बन्धित स्थानीय तहमा पेस गर्नु पर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(२) उपदफा (१) बमोजिमको कार्ययोजना उपयुक्त देखिएमा सम्बन्धित स्थानीय तहले पर्यटन सम्बन्धी व्यवसाय वा सेवा सञ्चालनका लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ। (३) पदयात्रा, पर्वतारोहण, क्याम्पिङ वा हिमाली तथा पर्वतीय पर्यटन गतिविधि सञ्चालन गर्ने व्यक्ति वा संस्थाले त्यस्तो गतिविधिबाट उत्सर्जन भएको फोहोरमैला तोकिएको सङ्कलन स्थलसम्म फिर्ता ल्याई व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। (४) पर्यटन सम्बन्धी व्यवसाय वा सेवा सञ्चालन गर्न अनुमति दिने निकायले अनुमति प्रदान गर्दा उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन कार्ययोजना तथा स्थानीय तहको सिफारिसलाई आधार लिनु पर्नेछ।"
८५.	मा. भरत प्रसाद पराजुली	२०	**विधेयकको उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्नुपर्नेः-** "(६) नदी, खोला, खोल्सा, ताल आदिमा फोहोर बिसर्जन गर्ने व्यक्ति, संस्था वा निकायलाई स्थानीय तहले कानुन बनाई दण्ड, जरिवाना गर्न सक्नेछ।"
८६.	मा. भरत प्रसाद पराजुली	२१	**उपदफा (३)** झिक्नुपर्ने।
८७.	मा. ऐन बहादुर महर	२१	**देहायको उपदफा (४) थप गर्नुपर्नेः-** "(४) स्थानीय तहले प्रत्येक वार्ड हरूमा आवश्यकता अनुसार टोलहरू विभाजन गरि फोहरमैला उत्सर्जन वा उत्पादन न्यूनीकरण,वर्गीकरण र व्यवस्थापन सम्बन्धी तालिमहरू प्रदान गर्नुपर्ने र व्यवस्थापन हुन नसक्दा हुने हानी र नोक्सानीको बारेमा सुसूचित गर्नुपर्ने भन्ने थप गर्नु पर्नेछ।"
८८.	मा. भरत प्रसाद पराजुली	२२	**दफा २२ मा देहायका शब्दहरू थप गर्नुपर्नेः-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "साथसाथै फोहोरमैला व्यवस्थापन र उत्सर्जनमा कमी ल्याउन न्यूनतम मूल्य तोकि उत्पादक कम्पनी, बितरक वा बिक्रेताले बाइ ब्याक प्रणाली र अवधारणा कार्यान्वयन गर्नु पर्नेछ।"
८९.	मा. क्रान्तिशिखा धिताल	२२	<u>दफा २२ मा रहेका,</u> - "अवलम्बन गर्न सक्नेछन्" भन्ने शब्दहरूको सट्टा "अवलम्बन गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
९०.	मा. नितिमा भण्डारी (कार्की)	२२	<u>दफा २२ मा रहेका,</u> - "नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानको लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी उत्पादकको विस्तारित जिम्मेवारी, चक्रीय अर्थतन्त्र र ब्राण्ड अडिट जस्ता नवीन अवधारणा अवलम्बन गर्न सक्नेछन्" भन्ने शब्दहरूको सट्टा "नेपाल सरकारले फोहोरमैला व्यवस्थापन सम्बन्धी उत्पादकको विस्तारित जिम्मेवारी सम्बन्धी व्यवस्था अवलम्बन तथा कार्यान्वयन गर्नेछ। नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानको लागि चक्रीय अर्थतन्त्र सम्बन्धी व्यवस्था अवलम्बन गर्न तथा आवश्यकताअनुसार ब्राण्ड अडिट गर्न वा गराउन सक्नेछन्" भन्ने शब्दहरू राख्नुपर्ने।
९१.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
९२.	मा. धर्मराज के.सी.	२२	<u>दफा २२ मा रहेका,</u> - "उत्पादकको विस्तारित जिम्मेवारी, चक्रीय अर्थतन्त्र र ब्राण्ड अडिट जस्ता नवीन अवधारणा अवलम्बन गर्न सक्नेछन्" भन्ने शब्दहरूको सट्टा "उत्पादकको विस्तारित जिम्मेवारी तथा चक्रीय अर्थतन्त्र सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेछ र

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			आवश्यकताअनुसार ब्राण्ड अडिट गर्न वा गराउन सक्नेछन्" भन्ने शब्दहरू राख्नुपर्ने।
९३.	मा. बलावती शर्मा	२३	<u>देहायको उपदफा (११) थप गर्नुपर्ने</u>:- "(११) प्रभावित क्षेत्रका बासिन्दाको स्वास्थ्य सुरक्षाका लागि अनिवार्य वार्षिक निः शुल्क स्वास्थ्य बिमा तथा स्थानीय पूर्वाधार विकासका लागि कुल सेवा शुल्कको न्यूनतम ३० प्रतिशत रकम अनिवार्य रूपमा सोही क्षेत्रमा खर्च गर्नु पर्नेछ।"
९४.	मा. डा. राम लामा	२३	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:- "(४) स्थानीय तहले फोहोरमैला व्यवस्थापन गरी उत्पादन गरिएको प्राङ्गारिक मल, ऊर्जा, हाइड्रोजन, इन्धन वा अन्य सामग्री बिक्री गर्दा प्रभावित क्षेत्रका बासिन्दालाई सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।"
९५.	मा. गणेश बहादुर विश्वकर्मा	२३	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) स्थानीय तहले फोहोरमैला व्यवस्थापन स्थल, प्रभावित क्षेत्रलाई डम्पिङ्ग साइट हुन नदिन सो प्रभावित क्षेत्रमा आर्थिक, सामाजिक तथा भौतिक विकास तथा वातावरण संरक्षणको गुरुयोजना बनाइ विभिन्न कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।" <u>उपदफा (२) को खण्ड (ग) मा रहेका,</u> - "वर्गको उत्थान तथा विकासका लागि आवश्यक अन्य कार्यक्रम" भन्ने शब्दहरूको सट्टा "दलित समुदायको उत्थान र विकासका लागि आवश्यक विशेष कार्यक्रम" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (३) मा रहेका,</u> - "परामर्श गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "अनिवार्य स्वीकृति लिनु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>उपदफा (४) मा रहेका,</u> - "सहुलियत दरमा उपलब्ध गराउने" भन्ने शब्दहरूको सट्टा "उक्त सुविधाहरू निःशुल्क उपलब्ध गराइने" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (५) मा रहेका,</u>** - "बासिन्दालाई प्राथमिकता दिनु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "बासिन्दा उपलब्ध भएमा उनीहरूलाई नै पहिलो प्राथमिकता दिइनेछ" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राख्नुपर्ने</u>:-** "(१०) स्थानीय तहले फोहरमैला व्यवस्थापनको सन्दर्भमा प्रभावित क्षेत्रमा उठ्ने विवाद समाधानका लागि प्रभावित क्षेत्रका बासिन्दाले निर्वाचित गरेको व्यक्तिको नेतृत्वमा स्थानीय तह र नागरिक समाज सम्मिलित विवाद समाधान संयन्त्र स्थापना गरिनेछ।"
९६.	मा. क्रान्तिशिखा धिताल	२३	**<u>उपदफा (७) पछि देहायको उपदफा (७क) थप गरी त्यसपछिको उपदफाक्रम मिलाउनुपर्ने</u>:-** "(७क) प्रभावित समुदायको अनिवार्य परामर्शसँगै तोकिएबमोजिम क्षतिपूर्ति/लाभ वितरणको स्पष्ट आधार, स्थानीय वातावरणीय कोष र सार्वजनिक लेखापरीक्षणको व्यवस्था गर्नु पर्नेछ।" **<u>देहायको उपदफा (१२) थप गर्नुपर्ने</u>:-** "(१२) उपदफा (१०) र (११) अनुसार "फोहोरमैला व्यवस्थापन विकास कोष" र "विवाद समाधान संयन्त्र" को व्यवस्था नियमावलीमा स्पष्टसँग तोकी सोहि अनुरूप गर्नु पर्नेछ।"
९७.	मा. कुसुम महर्जन	२३	**<u>उपदफा (७) पछि देहायको उपदफा (७क) थप गर्नुपर्ने</u>:-** "(७क) प्रभावित क्षेत्रको खानेपानी, वायु तथा माटोको नियमित परीक्षण गरी परीक्षणको नतिजा सार्वजनिक गर्नु पर्नेछ।"
९८.	मा. डा. तोसिमा कार्की	दफा थप	**<u>दफा २३ पछि देहायको दफा २३क. थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"२३क. <u>पाठ्यक्रम तथा तालिमको व्यवस्था</u> : (१) फोहोरमैला न्युनीकरण, वर्गिकरण, व्यवस्थापन, पनःप्रयोग, चक्रिय प्रयोग, कम्पोष्टिङ, प्राङ्गारिक मल उत्पादन साथै जलवायु परिवर्तन र फोहोरमैला व्यवस्थापन सम्बन्धि विषय विधालय तथा शैक्षिक संस्थाका पाठ्यक्रममा समावेश गरिनेछ। (२) उपदफा (१) सँग सम्बन्धित विषयमा सैद्धान्तिक मात्र नभई व्यवहारिक सिप तथा अभ्यास गराईनेछ साथै अर्थतन्त्र सँगको सम्बन्ध बुझाईनेछ। (३) स्थानीय तहको समन्वयमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको सहकार्यमा विभिन्न टोल, समुदाय, आमा समूह, स्थानीय क्लब, जेन्जी युवा, तथा विभिन्न समुदायिक समुहरूलाई फोहोर मैला व्यवस्थापन र चक्रिय अर्थतन्त्रसँग सम्बन्धित व्यवहारिक सिप तथा अभ्यासको तालिम दिईनेछ।"
९९.	मा. भरत प्रसाद पराजुली	२४	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) दफा १२ र १३ बमोजिम सङ्कलन भएको फोहोरमैला प्रशोधन गरी सोही रूपमा प्रयोग, पुनः प्रयोग वा चक्रीय प्रयोग गर्न स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्नेछ।"
१००.	मा. नितिमा भण्डारी (कार्की)	२४	<u>उपदफा (४) मा रहेका,</u> - "यस ऐनबमोजिम विसर्जन" भन्ने शब्दहरूको सट्टा "आवश्यक उपचार गरी दफा १५ बमोजिम स्यानेटरी ल्याण्डफिल साइट वा तोकिएको मापदण्डबमोजिमको सुरक्षित अन्तिम विसर्जन स्थलमा विसर्जन" भन्ने शब्दहरू राख्नुपर्ने।
१०१.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१०२.	मा. धर्मराज के.सी.	२४	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(४) उपदफा (३) बमोजिम उपयोग, पुनः प्रयोग वा चक्रीय प्रयोग हुन नसक्ने वस्तुलाई आवश्यक उपचार गरी दफा १५ बमोजिम स्यानेटरी ल्याण्डफिल साइट वा तोकिएको मापदण्डबमोजिमको सुरक्षित अन्तिम विसर्जन स्थलमा विसर्जन गर्नु पर्नेछ।"
१०३.	मा. लिमा अधिकारी (आचार्य)	२५	<u>देहायको उपदफा (६) थप गर्नुपर्ने</u>ः- "(६) आफ्नो घर परिसरमै जैविक फोहोरबाट कम्पोष्ट मल वा बायो-ग्यास उत्पादन गरी शून्य फोहोर कायम गर्ने घरधुरी वा संस्थालाई स्थानीय तहले सरसफाइ शुल्क वा सम्पत्ति करमा तोकिएबमोजिम छुट प्रदान गर्नेछ।"
१०४.	मा. नितिमा भण्डारी (कार्की)	२५	<u>उपदफा (४) मा रहेका,</u> - "स्थानीय तहले" भन्ने शब्दहरूपछि "आफैं वा स्थानीय तहको स्वीकृतिमा निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था वा अन्य संस्थामार्फत" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "फोहोर बैङ्क स्थापना गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "फोहोर बैङ्क स्थापना, सञ्चालन तथा दिगो व्यवस्थापन गर्न वा गराउन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने। <u>उपदफा (५) मा रहेका,</u> - "रिसाइक्लिङ केन्द्र वा सेकेन्डरी मार्केट वा सेकेन्ड स्ट्रिट" भन्ने शब्दहरूको सट्टा "रिसाइक्लिङ केन्द्र, सेकेन्ड ह्याण्ड मार्केट, सेकेन्ड ह्याण्ड स्ट्रिट" भन्ने शब्दहरू राख्नुपर्ने।
१०५.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१०६.	मा. धर्मराज के.सी.	२५	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>ः- "(४) स्थानीय तहले आफैं वा स्थानीय तहको स्वीकृतिमा निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था वा अन्य संस्थामार्फत पुनः प्रयोग गर्न मिल्ने सामग्री राख्न र लिनका लागि समुदायमा आधारित फोहोर बैङ्क स्थापना, सञ्चालन तथा दिगो व्यवस्थापन गर्न वा गराउन

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			सक्नेछ र त्यस्तो बैङ्कको उपयोग गर्ने व्यक्तिलाई तोकिएबमोजिम प्रोत्साहन उपलब्ध गराउन सक्नेछ।" **<u>उपदफा (५) मा रहेका,</u>** - "रिसाइक्लिङ केन्द्र वा सेकेन्डरी मार्केट वा सेकेन्ड स्ट्रिट" भन्ने शब्दहरूको सट्टा "रिसाइक्लिङ केन्द्र, सेकेन्ड ह्याण्ड मार्केट, सेकेन्ड ह्याण्ड स्ट्रिट" भन्ने शब्दहरू राख्नुपर्ने।
१०७.	मा. परशुराम तामाङ्ग	२६	**<u>उपदफा (१) र (३) मा रहेका,</u>** - "स्थानीय तह" भन्ने शब्दहरूपछि "समुदाय" भन्ने शब्द थप गर्नुपर्ने।
१०८.	मा. डा. राम लामा	२६	**<u>उपदफा (३), (४) र (५) मा रहेका,</u>** - "प्राङ्गारिक मल, ऊर्जा," भन्ने शब्दहरूपछि "हाइड्रोजन," भन्ने शब्द थप गर्नुपर्ने।
१०९.	मा. गुरु प्रसाद बराल	२६	**<u>उपदफा (३) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "निजी क्षेत्रसँग सहकार्य गर्दा प्राविधिक क्षमता, वित्तीय क्षमता, प्रविधि, वातावरणीय मापदण्ड र कार्यसम्पादन क्षमताका आधारमा निश्चित मापदण्ड पूरा गर्नुपर्ने।"
११०.	मा. ऐन बहादुर महर	२६	**<u>उपदफा (८) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** "साथै यस ऐन बमोजिम संकलन भएका जैविक फोहरमैला प्रयोग गरि प्राङ्गारिक मल उत्पादन गर्न स्थानीय स्थरका कृषि समूह,कृषि उत्पादन संग सम्बन्धित कम्पनि हरूलाई प्रोत्साहन गर्न सक्नेछ।"
१११.	मा. लिमा अधिकारी (आचार्य)	२६	**<u>उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नुपर्ने</u>:-** "(७) नेपाल सरकारको कृषि मन्त्रालयले फोहोरमैलाबाट उत्पादित प्राङ्गारिक मललाई रासायनिक मल सरह अनुदान सूचीमा सूचीकृत गरी प्राथमिकताका साथ खरिद तथा वितरणको व्यवस्था मिलाउनेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
११२.	मा. नितिमा भण्डारी (कार्की)	२७	**<u>उपदफा (१) मा रहेका,</u>** - "सोको व्यवस्थापन र सञ्चालन गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "सोको व्यवस्थापन र सञ्चालन आफैं गर्न वा समुदाय, सहकारी, वा निजि क्षेत्रलाई दिन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
११३.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
११४.	मा. धर्मराज के.सी.	२७	**<u>उपदफा (१) मा रहेका,</u>** - ""सोको व्यवस्थापन र सञ्चालन गर्न सक्नेछ" भन्ने शब्दहरूको सट्टा "सोको व्यवस्थापन र सञ्चालन गर्न वा गराउन सक्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
११५.	मा. लिमा अधिकारी (आचार्य)	**दफा थप**	**<u>दफा २७ पछि देहायको दफा २७क. र २७ख. थप गर्नुपर्ने</u>:-** "२७क. **<u>डिजिटल फोहोर ट्र्याकिङ र गुनासो व्यवस्थापन</u>** : स्थानीय तहले फोहोर सङ्कलनको तालिका, गाडीको लोकेसन र नागरिकका गुनासो तत्काल सुनुवाइ गर्न जिपिएस आधारित मोबाइल एप र डिजिटल प्रणाली सञ्चालन गर्नु पर्नेछ। २७ख. **<u>अनौपचारिक क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा</u>** : फोहोर सङ्कलन तथा कवाडी क्षेत्रमा कार्यरत श्रमिकहरूलाई स्थानीय तहमा दर्ता गरी परिचयपत्र, स्वास्थ्य बीमा र सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनु पर्नेछ।"
११६.	मा. डा. राम लामा	२८	**<u>उपदफा (१) मा रहेका,</u>** - "प्राङ्गारिक मल, ऊर्जा," भन्ने शब्दहरूपछि "हाइड्रोजन," भन्ने शब्द थप गर्नुपर्ने। **<u>उपदफा (२) मा रहेका,</u>** - "मिलाएमा वा त्यसबाट ऊर्जा," भन्ने शब्दहरूपछि "हाइड्रोजन," भन्ने शब्द थप गर्नुपर्ने।
११७.	मा. नितिमा भण्डारी (कार्की)	२८	**<u>उपदफा (२) को को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:-**
११८.	मा. सुशील खड्का		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
	मा. आशिष गजुरेल		"(२) कुनै स्थानीय तहले आफैं वा अन्य स्थानीय तहसँग सहकार्य गरी फोहोरमैलाको पुनः प्रयोग, पुनः प्रशोधन, स्रोत पुनःप्राप्ति वा त्यसबाट ऊर्जा, इन्धन, औद्योगिक वा कच्चा पदार्थ उत्पादन गरेमा त्यस्तो कार्यको उपलब्धि, फोहोरमैला न्यूनीकरणको परिमाण तथा तोकिएका कार्यसम्पादन सूचकका आधारमा नेपाल सरकार वा प्रदेश सरकारले अनुदान, सहलगानी वा अन्य वित्तीय प्रोत्साहन उपलब्ध गराउन सक्नेछ।" **<u>उपदफा (५) मा रहेका,</u>** - "हरित प्रविधिमा आधारित उद्योग" भन्ने शब्दहरूपछि ",वातावरणमैत्री सामग्री उत्पादन गर्ने उद्योग" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१११.	मा. धर्मराज के.सी.	२८	**<u>उपदफा (२) को को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:-** "(२) कुनै स्थानीय तहले आफैं वा अन्य स्थानीय तहसँग सहकार्य गरी फोहोरमैलाको पुनः प्रयोग, पुनः प्रशोधन, स्रोत पुनःप्राप्ति वा त्यसबाट ऊर्जा, इन्धन, औद्योगिक वा कच्चा पदार्थ उत्पादन गरेमा त्यस्तो कार्यको उपलब्धि, फोहोरमैला न्यूनीकरणको परिमाण तथा तोकिएका कार्यसम्पादन सूचकका आधारमा नेपाल सरकार वा प्रदेश सरकारले अनुदान, सहलगानी वा अन्य वित्तीय प्रोत्साहन उपलब्ध गराउन सक्नेछ।" **<u>उपदफा (५) मा रहेका,</u>** - "हरित प्रविधिमा आधारित उद्योग" भन्ने शब्दहरूपछि ",वातावरणमैत्री सामग्री उत्पादन गर्ने उद्योग" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१२०.	मा. डा. राम लामा	२९	**<u>उपदफा (४) मा रहेका,</u>** - "गर्नु पर्नेछैन" भन्ने शब्दहरूको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरू राख्नुपर्ने।
१२१.	मा. भरत प्रसाद पराजुली	२९	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(३) उपदफा (१) बमोजिम तोकिएको स्थानमा दुर्गन्ध नआउने र वातावरण प्रदूषित नहुने तथा मानव स्वास्थ्य, पशु स्वास्थ्य र वनस्पती स्वास्थ्यलाई प्रतिकूल असर नपर्ने गरी उपयुक्त व्यवस्थापन गर्नु पर्नेछ।"
१२२.	मा. गणेश बहादुर विश्वकर्मा	२९	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:- "(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएपनि उपदफा (१) बमोजिम स्थानान्तरण केन्द्र तोक्दा प्रभावित क्षेत्रका जनतासंगको परामर्श र वातावरणीय अध्ययन अनिवार्य रूपमा गर्नु पर्नेछ।"
१२३.	मा. मनिष झा	२९	<u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:- "(४) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम सथानान्तरण केन्द्र स्थापना गर्दा प्रचलित कानुनबमोजिम आवश्यक वातावरणीय अध्ययन गर्नु पर्नेछ।"
१२४.	मा. धर्मराज के.सी.	२९	<u>उपदफा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राख्नुपर्ने</u>:- "(क) फोहोरमैलाको परिमाण, सेवा क्षेत्र, सञ्चालन पद्धति, आवश्यक पूर्वाधार तथा सवारी आवागमनको अवस्थाका आधारमा आवश्यकताअनुसार पर्याप्त क्षेत्रफल भएको," <u>उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नुपर्ने</u>:- "(४) उपदफा (१) बमोजिम स्थानान्तरण केन्द्र तोक्दा प्रचलित वातावरण संरक्षण सम्बन्धी कानुनबमोजिम आवश्यक पर्ने वातावरणीय अध्ययन गर्नु पर्नेछ।"
१२५.	मा. डा. राम लामा	३०	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:- "(३) उपदफा (२) बमोजिमको प्रशोधन केन्द्रमा फोहोरमैलाको प्रकृति, परिमाण, स्थानीय आवश्यकता, प्राविधिक सम्भाव्यता तथा वातावरणीय र जनस्वास्थ्य जोखिमको आधारमा

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			मैटेरियल रिकभरी फ्यासिलिटी, जैविक फोहोर प्रशोधन केन्द्र, कम्पोष्ट वा अन्य उपयुक्त प्रशोधन प्रविधि स्थापना गर्नुपर्नेछ। ऊर्जा पुनःप्राप्ति वा तापीय प्रशोधन प्रविधि (इन्सिनेरेटर) आवश्यक र उपयुक्त देखिएमा मात्र सम्बन्धित मापदण्ड तथा वातावरणीय अध्ययनको अधीनमा रही स्थापना तथा सञ्चालन गर्न सकिनेछ।"
१२६.	मा. मनिष झा	३०	<u>उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिम स्थापना गरिने प्रशोधन केन्द्रको क्षमता, क्षेत्रफल तथा स्थापना अवधि फोहोरमैला उत्पादनको मात्रा, जनसङ्ख्या, भौगोलिक अवस्था तथा प्राविधिक सम्भाव्यताका आधारमा निर्धारण गर्नु पर्नेछ।"
१२७.	मा. क्रान्तिशिखा धिताल	३०	<u>उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्ने</u>:- "(२क) उपदफा (२) बमोजिम प्रशोधन केन्द्रको क्षेत्रफल तोक्दा स्थलको वातावरणीय संवेदनशीलता, जनघनत्व, पानीका स्रोत, बस्तीबाट दूरी र जोखिम मूल्याङ्कनलाई अनिवार्य आधार बनाई प्रशोधन केन्द्रको प्रकारअनुसार वातावरणीय अध्ययन अनिवार्य हुनेछ।"
१२८.	मा. नितिमा भण्डारी (कार्की)	३०	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:- "(३) उपदफा (२) बमोजिमको प्रशोधन केन्द्रमा मेटेरियल रिकभरी फ्यासिलिटी तथा बेलिङ प्लाण्ट, फर्टिलाइजर प्लाण्ट, क्रसर प्लाण्ट रहनेछन्।" <u>उपदफा (३) पछि देहायको उपदफा (३क) थप गर्नुपर्ने</u>:- "(३क) फोहोरमैलाको प्रकृति, परिमाण तथा प्राविधिक आवश्यकताका आधारमा आवश्यक देखिएमा प्रचलित वातावरणीय कानुन तथा मापदण्डको अधीनमा रही इन्सिनेरेटर प्लाण्ट स्थापना तथा सञ्चालन गर्न सकिनेछ।"
१२९.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१३०.	मा. धर्मराज के.सी.	३०	<u>उपदफा (२) र (३) को सट्टा देहायका उपदफा (२) र (३) राख्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(२) उपदफा (१) बमोजिम स्थापना गरिने प्रशोधन केन्द्रको क्षेत्रफल फोहोरमैलाको परिमाण, प्रकृति, सेवा क्षेत्र, प्रयोग गरिने प्रविधि तथा आवश्यक प्रशोधन पूर्वाधारका आधारमा आवश्यकताअनुसार निर्धारण गर्नु पर्नेछ। (३) उपदफा (१) बमोजिमको प्रशोधन केन्द्रमा मेटेरियल रिकभरी फ्यासिलिटी(तथा बेलिङ प्लाण्ट), फर्टिलाइजर प्लाण्ट, क्रसर प्लाण्ट, कम्प्याक्टर वा कम्प्रेसर प्लाण्ट रहनेछन्।" **<u>उपदफा (३) पछि देहायका उपदफा (३क) र (३ख) थप गर्नुपर्ने</u>**:- "(३क) फोहोरमैलाको प्रकृति, परिमाण तथा प्राविधिक आवश्यकताको आधारमा आवश्यक देखिएमा प्रचलित वातावरणीय कानुन तथा मापदण्डको अधीनमा रही इन्सिनेरेटर प्लाण्ट स्थापना तथा सञ्चालन गर्न सकिनेछ। (३ख) औषधीजन्य फोहोरमैला वा म्याद समाप्त भएका औषधी प्रशोधन गर्ने प्रशोधन केन्द्रमा पृथक् सङ्कलन, सुरक्षित भण्डारण तथा तोकिएको मापदण्डबमोजिम प्रशोधन, सह-प्रशोधन वा सुरक्षित व्यवस्थापनका लागि हस्तान्तरण गर्ने व्यवस्था हुनु पर्नेछ।"
१३१.	मा. बोध नारायण श्रेष्ठ	३०	**<u>उपदफा (३) मा देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्ने</u>**:- "**<u>स्पष्टीकरण</u>** : यस दफाको क्षेत्रफल र चार प्रकारका प्लान्टसम्बन्धी व्यवस्था फोहोरपानी वा दिसाजन्य लेदो प्रशोधनका छुट्टै सुविधामा स्वतः लागु हुने छैन। त्यस्ता सुविधाको स्थल, क्षमता, प्रविधि र क्षेत्रफल प्रचलित कानुन तथा स्वीकृत प्राविधिक र वातावरणीय मापदण्डबमोजिम निर्धारण हुनेछ।"
१३२.	मा. भरत प्रसाद पराजुली	३१	**<u>उपदफा (३)</u>** झिक्नुपर्ने।
१३३.	मा. ऐन बहादुर महर	३१	**<u>देहायको उपदफा (६) थप गर्नुपर्ने</u>**:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(६) फोहरमैला व्यवस्थापन स्थल नजिकका स्थानीय बासिन्दा हरू लाई दीर्घकालीन स्वास्थ्य असर नपर्ने गरि व्यवस्थापन स्थल निर्धारण गर्नुपर्ने र त्यस्तो अवस्था देखिएमा राहत,क्षतिपूर्ति, बस्ती व्यवस्थापन को व्यवस्था मिलाउनु पर्नेछ।"
१३४.	मा. धर्मराज के.सी.	३१	**<u>दफा ३१ को दफाशीर्षकमा रहेका,</u>** - "फोहोरमैला व्यवस्थापन स्थल" भन्ने शब्दहरूको सट्टा "फोहोरमैला व्यवस्थापन स्थल तथा स्यानेटरी ल्याण्डफिल साइट" भन्ने शब्दहरू राखुपर्ने। **<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखुपर्ने</u>:-** "(१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैलाको परिमाण तथा प्रकृति, भौगोलिक अवस्था, जनसंख्या, पहुँचमार्ग, आसपासको बस्ती तथा व्यावसायिक क्षेत्र, वातावरणीय संवेदनशीलता र दीर्घकालीन सञ्चालन आवश्यकताका आधारमा उपयुक्त फोहोरमैला व्यवस्थापन स्थल वा स्यानेटरी ल्याण्डफिल साइटको व्यवस्था मिलाउनु पर्नेछ।" **<u>उपदफा (४) को सट्टा देहायका उपदफा (४) राखुपर्ने</u>:-** "(४) उपदफा (३) बमोजिम अनुरोध भई आएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रचलित कानुनबमोजिम आवश्यक जग्गाको उपलब्धता सुनिश्चित गर्नुपर्नेछ र सो प्रयोजनका लागि सरकारी जग्गा उपलब्ध गराउने वा आवश्यक जग्गा प्राप्ति गर्न आवश्यक व्यवस्था गर्नु पर्नेछ।" **<u>देहायको उपदफा (६) थप गर्नुपर्ने</u>:-** "(६) स्यानेटरी ल्याण्डफिल साइटको प्राविधिक डिजाइन तथा निर्माण फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयले प्रदेश सरकार तथा सम्बन्धित

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			स्थानीय तहसँग समन्वय गरी गर्नेछ र त्यस्तो साइटको सञ्चालन तथा नियमित व्यवस्थापन सम्बन्धित स्थानीय तह वा यस ऐनबमोजिमको अनुमतिपत्र प्राप्त संस्थाले गर्नेछ।"
१३५.	मा. निशा डाँगी	**दफा थप**	**<u>दफा ३१ पछि देहायको दफा ३१क. थप गर्नुपर्ने</u>:-** "**३१क. <u>फोहोरमैला व्यवस्थापन स्थलको वातावरणीय अनुगमन</u>** : (१) फोहोरमैला व्यवस्थापन स्थलको सञ्चालकले तोकिएबमोजिम भूमिगत पानी, सतही पानी, माटो, वायु, दुर्गन्ध, लिचेट तथा landfill gas को नियमित अनुगमन गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको अनुगमनबाट वातावरणीय वा जनस्वास्थ्यमा तोकिएको मापदण्डभन्दा बढी जोखिम देखिएमा सञ्चालकले तत्काल सुधारात्मक उपाय अवलम्बन गरी सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ। (३) उपदफा (१) बमोजिमको अनुगमनको प्रतिवेदन तोकिएबमोजिम सम्बन्धित स्थानीय तह तथा नियमनकारी निकायसमक्ष पेस गर्नुपर्नेछ। त्यस्तो प्रतिवेदनको सारांश सार्वजनिक गर्नु पर्नेछ।"
१३६.	मा. नितिमा भण्डारी (कार्की)	३२	**<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:-** "(१क) स्यानेटरी ल्याण्डफिल साइट वा अन्तिम विसर्जन स्थल निर्धारण गर्दा मैदानी, पहाडी वा हिमाली भू-बनोट, जलस्रोत, नदी, खोला, ताल, पोखरी, सिमसार, जलाधार तथा खानेपानीको स्रोत, भूगर्भ तथा भूजल, बस्ती, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक तथा सांस्कृतिक स्थल, वन, वातावरणीय संवेदनशील क्षेत्र, बाढी, डुबान, पहिरो वा भूक्षयको जोखिम तथा सार्वजनिक स्वास्थ्यका आधारमा उपयुक्तता मापदण्ड अनुसार गर्नु पर्नेछ।"
१३७.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१३८.	मा. धर्मराज के.सी.	३२	**<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>:-** "(१क) स्यानेटरी ल्याण्डफिल साइट वा अन्तिम विसर्जन स्थल निर्धारण गर्दा मैदानी, पहाडी वा हिमाली भू-बनोट, जलस्रोत, नदी, खोला, ताल, पोखरी, सिमसार, जलाधार तथा

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			खानेपानीको स्रोत, भूगर्भ तथा भूजलको अवस्था, आसपासको बस्ती, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक तथा सांस्कृतिक स्थल, वन तथा वातावरणीय संवेदनशील क्षेत्र, बाढी, डुबान, पहिरो वा भूक्षयको जोखिम, सार्वजनिक स्वास्थ्य तथा अन्य तोकिएका मापदण्डका आधारमा उपयुक्त रहेको यकिन गर्नुपर्नेछ। त्यस्तो स्थल नदी, खोला, ताल, पोखरी, सिमसार वा खानेपानीको स्रोतबाट कम्तीमा पाँच सय मिटरको दूरीमा हुनुपर्नेछ र फोहोरमैला व्यवस्थापन सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।"
१३९.	मा. गणेश बहादुर विश्वकर्मा	३३	<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:- "(१) दुई वा सोभन्दा बढी स्थानीय तहलाई ऐउटै फोहरमैला स्थान्तरण केन्द्र, प्रशोधन केन्द्र वा व्यवस्थापन स्थल उपयुक्त हुने भएमा त्यस्ता स्थानीय तहले आपसमा समन्वय र लिखित समझदारी गरी एउटै केन्द्र वा माहरमैला व्यवस्थापन स्थल निर्धारण गर्न सक्नेछ। तर यसरी निर्धारण गर्दा प्रभावित हुने क्षेत्रका समुदायसँग अनुमति लिनु अनिवार्य हुनेछ।"
१४०.	मा. गणेश बहादुर विश्वकर्मा	दफा थप	<u>दफा ३३ पछि देहायको दफा ३३क. थप गर्नुपर्ने</u>:- "**३३क.** विश्वभरिको अनुभवका आधारमा राष्ट्रिय नीति, वित्त, मापदण्ड, प्रविधि र अन्तर-स्थानीय समन्वयका लागि बलियो केन्द्रीय संयन्त्र आवश्यक देखिन्छ। त्यसैले केन्द्रमा प्रधानमन्त्रीको नेतृत्वमा दिशानिर्देशको लागि राष्ट्रिय फोहरमैला व्यवस्थापन परिषद, नियमन र कार्यान्वयनका लागि सम्बन्धित मन्त्रीको नेतृत्वमा राष्ट्रिय फोहरमैला व्यवस्थापन प्राधिकरण र प्रदेशमा सम्बन्धित मुख्यमन्त्रीको नेतृत्वमा प्रदेश परिषद र सम्बन्धित क्षेत्र हेर्ने मन्त्रीको नेतृत्वमा प्रादेशिक पधिकरण र जिल्ला स्तरमा समेत सदरमुकामको स्थानीय तह प्रमुखको नेतृत्वमा जिल्ला प्राधिकरण बनाउनेछ । यस्तो संरचनामा प्रभावित क्षेत्रका समुदायको प्रतिनीधि अनिवार्य गरिनेछ। प्राधिकरण संरचना, काम कर्तव्य, अधिकार तथा अन्य मापदण्ड कानुन अनुसार हुनेछ।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१४१.	मा. परशुराम तामाङ्ग	३४	<u>उपदफा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप गर्नुपर्ने</u>:- "(छ) स्थानीय सामुदायिक उपभोक्ता संस्थाको प्रतिनिधि दुई जना -सदस्य"
१४२.	मा. भरत प्रसाद पराजुली	३४	<u>उपदफा (१) को खण्ड (ग) मा रहेका,</u> - "प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरूको सट्टा "सहायक प्रमुख जिल्ला अधिकारी" भन्ने शब्दहरू राखुपर्ने।
१४३.	मा. गणेश बहादुर विश्वकर्मा	३४	<u>उपदफा (१) को खण्ड (ङ) पछि देहायको खण्ड (च) थप गरी त्यसपछिको खण्डक्रम मिलाउनुपर्ने</u>:- "(च) स्थानीय बासिन्दाहरूको तर्फबाट एक जना महिला र एक जना पुरुष गरी कम्तिमा २ जना -सदस्य"
१४४.	मा. नितिमा भण्डारी (कार्की)	३५	<u>खण्ड (ग) मा रहेका,</u> - "फोहोरमैला व्यवस्थापन स्थल" भन्ने शब्दहरूको सट्टा "फोहोरमैला व्यवस्थापन तथा विसर्जन स्थल" भन्ने शब्दहरू राखुपर्ने।
१४५.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१४६.	मा. धर्मराज के.सी.		
१४७.	मा. रुबिना आचार्य	३६	<u>उपदफा (१) मा रहेका,</u> - "स्थानमा बस्नेछ" भन्ने शब्दहरूपछि "र बैठकको कार्यसूची कम्तीमा २४ घण्टा अगावै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१४८.	मा. डा. राम लामा	३८	<u>दफा ३८ को दफाशीर्षकपछि उल्लिखित बेहोरालाई उपदफा (१) कायम गरी देहायको उपदफा (२) थप गर्नुपर्ने</u>:- "(२) उपदफा (१) बमोजिम फोहोरमैला जलाउने वा तापीय प्रशोधन गर्ने प्रविधि अवलम्बन गर्दा पुनः प्रयोग, पुनः प्रशोधन वा मैटेरियल रिकभरी गर्न प्राविधिक तथा आर्थिक

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			रूपमा सम्भव रहेको फोहोरमैलालाई प्राथमिक रूपमा जलाउन वा तापीय प्रशोधन गर्न पाइने छैन।"
१४९.	मा. डा. राम लामा	**दफा थप**	**<u>दफा ३८ पछि देहायको दफा ३८क. थप गर्नुपर्ने</u>:-** "**३८क. <u>कृषि फोहोरमैला व्यवस्थापन</u>** : (१) कृषि कार्यबाट उत्पन्न पराल, बाली अवशेष वा अन्य कृषि फोहोरमैलालाई खुला स्थानमा वा खेतबारीमा जलाउन पाइने छैन। (२) स्थानीय तहले उपदफा (१) बमोजिमको कृषि फोहोरमैलालाई कम्पोस्ट मल, पशु दाना वा जैविक इन्धनको रूपमा उपयोग गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। (३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कृषि फोहोरमैला व्यवस्थापनका लागि आवश्यक प्रविधि, उपकरण वा अनुदान उपलब्ध गराउन सक्नेछन्।"
१५०.	मा. निति‍मा भण्डारी (कार्की)	३९	**<u>उपदफा (२) मा रहेका,</u>** - "रासायनिक पदार्थ वा विषादी" भन्ने शब्दहरूपछि "वा म्याद समाप्त भएको औषधी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१५१.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१५२.	मा. धर्मराज के.सी.	३९	**<u>उपदफा (२) मा रहेका,</u>** - "रासायनिक पदार्थ वा विषादी" भन्ने शब्दहरूपछि "वा म्याद समाप्त औषधी" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१५३.	मा. निति‍मा भण्डारी (कार्की)	४०	**<u>उपदफा (१) मा रहेका,</u>** - "विद्युतीय सामग्री" भन्ने शब्दहरूपछि "वा औषधीजन्य फोहोरमैला वा म्याद समाप्त भएको औषधी" भन्ने शब्दहरू थप गर्नुपर्ने। - "सम्बन्धित उत्पादक" भन्ने शब्दहरूपछि "वा आयातकर्ता" भन्ने शब्द थप गर्नुपर्ने।
१५४.	मा. सुशील खड्का मा. आशिष गजुरेल		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>उपदफा (२) मा रहेका,</u> - "स्थानीय तहसमक्ष अनुरोध गर्न सक्नेछ" भन्ने शब्दहरूपछि "वा सम्बन्धित स्थानीय तहको स्वीकृतिमा तोकिएको प्राविधिक क्षमता भएको अनुमतिपत्र प्राप्त संस्थामार्फत नष्ट वा विसर्जन गराउन सक्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>उपदफा (३) मा रहेका,</u>** - "स्थानीय तहले निर्धारण गरेको दस्तुर लिई" भन्ने शब्दहरूपछि "आफैं वा तोकिएको प्राविधिक क्षमता भएको अनुमतिपत्र प्राप्त संस्थामार्फत" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१५५.	मा. धर्मराज के.सी.	४०	**<u>उपदफा (१), (२) र (३) को सट्टा देहायको उपदफा (१), (२) र (३) राख्नुपर्ने</u>**:- "(१) दफा ३९ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको रासायनिक पदार्थ, विषादी, विकिरणयुक्त वस्तु, विद्युतीय सामग्री, औषधीजन्य फोहोरमैला वा म्याद समाप्त भएको औषधी सम्बन्धित उत्पादक, पैठारीकर्ता वा मुख्य आधिकारिक बिक्रेताले तोकिएको मापदण्डबमोजिम नष्ट वा विसर्जन गर्नु पर्नेछ। (२) उपदफा (१) बमोजिमको उत्पादक, पैठारीकर्ता वा मुख्य आधिकारिक बिक्रेताले त्यस्तो फोहोरमैला आफैं नष्ट वा विसर्जन गर्न नसक्ने भएमा सम्बन्धित स्थानीय तहसमक्ष अनुरोध गर्न वा सम्बन्धित स्थानीय तहको स्वीकृतिमा तोकिएको प्राविधिक क्षमता भएको अनुमतिपत्र प्राप्त निजी संस्थामार्फत नष्ट वा विसर्जन गराउन सक्नेछ। (३) उपदफा (२) बमोजिम स्थानीय तहसमक्ष अनुरोध भएमा स्थानीय तहले निर्धारित दस्तुर लिई आफैं वा तोकिएको प्राविधिक क्षमता भएको अनुमतिपत्र प्राप्त संस्थामार्फत त्यस्तो फोहोरमैला नष्ट वा विसर्जन गराउन सक्नेछ।"
१५६.	मा. डा. राम लामा	**दफा थप**	**<u>दफा ४० पछि देहायको दफा ४०क. र ४०ख. थप गर्नुपर्ने</u>**:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"४०क. <u>ब्याट्री फोहोरमैला व्यवस्थापन</u> : (१) विद्युतीय सवारी साधन, शौर्य ऊर्जा तथा अन्य प्रयोजनका लागि प्रयोग भई काम नलाग्ने भएको ब्याट्रीलाई जोखिमपूर्ण फोहोरमैलाको रूपमा व्यवस्थापन गर्नु पर्नेछ। (२) त्यस्तो ब्याट्रीको उत्पादक, आयातकर्ता वा नेपालमा रहेको मुख्य आधिकारिक विक्रेताले प्रयोग भई काम नलाग्ने ब्याट्री फिर्ता लिई सुरक्षित भण्डारण, पुनः चक्रण वा विसर्जन गर्ने जिम्मेवारी वहन गर्नु पर्नेछ। (३) नेपाल सरकारले विद्युतीय सवारी साधनको ब्याट्री पुनःचक्रण केन्द्र स्थापना गर्न वा गराउन आवश्यक नीति तथा कार्ययोजना तयार गर्न सक्नेछ। (४) उपदफा (१) बमोजिमको ब्याट्री सामान्य स्यानिटरी ल्यान्डफिल साइटमा विसर्जन गर्न पाइने छैन; त्यस्तो ब्याट्री नेपाल सरकारले तोकेको सुरक्षित (Secure) भण्डारण वा विसर्जन स्थलमा मात्र व्यवस्थापन गर्नु पर्नेछ। ४०ख. <u>विद्युतीय उपकरणजन्य फोहोरको व्यवस्थापन</u> : (१) विद्युतीय उपकरणजन्य फोहोरको संकलन, ढुवानी, पुनःप्रयोग, पुनःप्रशोधन तथा अन्तिम व्यवस्थापन छुट्टै र तोकिएबमोजिम गर्नु पर्नेछ। (२) उत्पादक वा आयातकर्ताले आफूले बजारमा बिक्री-वितरण गरेका विद्युतीय उपकरण प्रयोगपश्चात् उत्पन्न हुने विद्युतीय उपकरणजन्य फोहोर निःशुल्क फिर्ता लिई संकलन तथा पुनःप्रशोधन गर्ने विस्तारित उत्पादक जिम्मेवारी (Extended Producer Responsibility) पूरा गर्नु पर्नेछ। (३) उपदफा (२) बमोजिमको विद्युतीय उपकरणजन्य फोहोरको संकलन, पुनःप्रयोग, पुनःप्रशोधन तथा अन्तिम व्यवस्थापन दर्ता वा इजाजतप्राप्त संस्थामार्फत मात्र गर्नु पर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(४) विद्युतीय उपकरणजन्य फोहोरमा रहेका जोखिमयुक्त वा हानिकारक पदार्थको व्यवस्थापन तोकिएबमोजिमको वातावरणीय तथा स्वास्थ्य सुरक्षा मापदण्डअनुसार गर्नु पर्नेछ।"
१५७.	मा. डा. राम लामा	४१	**<u>उपदफा (३) को खण्ड (ख) मा रहेका,</u>** - "फोहोरमैलाबाट ऊर्जा," भन्ने शब्दहरूपछि "हाइड्रोजन," भन्ने शब्द थप गर्नुपर्ने। **<u>उपदफा (३) मा देहायको खण्ड (च) थप गर्नुपर्ने</u>:-** "(च) फोहोरमैलाको प्रकृति अनुसार आवश्यक प्राविधिक जनशक्ति, व्यवस्थापन क्षमता र व्यावसायिक स्वास्थ्य तथा सुरक्षा प्रणालीको व्यवस्था।"
१५८.	मा. गुरु प्रसाद बराल	४१	**<u>उपदफा (३) मा देहायको खण्ड (च) थप गर्नुपर्ने</u>:-** "(च) छनोटको आधारमा फोहोर सङ्कलन, वर्गीकरण, ढुवानी, प्रशोधन, पुनःप्रयोग, recycling तथा अन्तिम विसर्जनसम्मको स्पष्ट waste management plan ।" **<u>उपदफा (७) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "परियोजनाको प्रकृति, investment size, infrastructure cost र investment recovery period का आधारमा अवधि निर्धारण गरी ठूला परियोजनाको हकमा पन्ध्र वर्षसम्मको अवधि दिन सकिने।"
१५९.	मा. नितिमा भण्डारी (कार्की)	४१	**<u>उपदफा (७) मा रहेका,</u>** - "पाँच वर्षको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा पाँच वर्षको" भन्ने शब्दहरू राखुपर्ने।
१६०.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१६१.	मा. धर्मराज के.सी.		
१६२.	मा. भरत प्रसाद पराजुली	४२	**<u>उपदफा (३)</u>** झिक्नुपर्ने।
१६३.	मा. नितिमा भण्डारी (कार्की)	४२	**<u>उपदफा (३) मा रहेका,</u>**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१६४.	मा. सुशील खड्का मा. आशिष गजुरेल		- "अनुरोध गर्न सक्नेछ" भन्ने शब्दहरूपछि "र प्रचलित कानुनबमोजिम जग्गा उपलब्ध गराउन वा जग्गा प्राप्ति तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ" भन्ने शब्दहरू थप गर्नुपर्ने।
१६५.	मा. धर्मराज के.सी.	४२	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:- "(३) उपदफा (२) बमोजिम जग्गाको व्यवस्थापन गर्न आवश्यक भएमा स्थानीय तहले मन्त्रालय वा प्रदेश सरकारको फोहोरमैला सम्बन्धी विषय हेर्ने सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्नुपर्नेछ र यसरी अनुरोध भई आएमा सम्बन्धित मन्त्रालयले प्रचलित कानुनबमोजिम जग्गा उपलब्ध गराउन वा जग्गा प्राप्ति तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्था गर्नु पर्नेछ।"
१६६.	मा. डा. राम लामा	४३	<u>उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नुपर्ने</u>:- "(७) उपदफा (६) बमोजिम स्थानीय तहले वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा खर्च गरी बाँकी रकमको सत्तरी प्रतिशत रकम प्रभावित क्षेत्रका बासिन्दाको स्वास्थ्य, खानेपानी, सरसफाइ, शिक्षा, जीविकोपार्जन र सामाजिक विकाससम्बन्धी कार्यक्रममा प्राथमिकताका साथ खर्च गर्नु पर्नेछ।"
१६७.	मा. गुरु प्रसाद बराल	४३	<u>उपदफा (७) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "प्राप्त आम्दानीमध्ये निश्चित न्यूनतम प्रतिशत फोहोरमैला व्यवस्थापन पूर्वाधार, प्रविधि र future public investment का लागि छुट्याउने, त्यसपछि बाँकी रकममा प्रभावित क्षेत्रसम्बन्धी व्यवस्था लागु गर्ने।"
१६८.	मा. रन्जु न्यौपाने	४३	<u>उपदफा (२) पछि देहायका उपदफा थप गर्नुपर्ने</u>:- (२क) सेवा शुल्क निर्धारण गर्दा फोहोरमैला परिमाण, तौल तथा प्रकृति मापन तथा वर्गीकरण गर्ने आधार, विधि र मापदण्ड स्थानीय तहले तोके बमोजिम हुनेछ। त्यस्तो

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			मापदण्डमा फोहोरको स्रोत, पुनः प्रयोग तथा पुनर्चक्रणयोग्यता, जोखिमको स्तर र व्यवस्थापनमा लाग्ने लागतलाई समेत आधार लिनु पर्नेछ।" **<u>उपदफा (३) पछि देहायका उपदफा थप गर्नुपर्ने</u>:-** "(३क) फोहोरमैलाको उत्पादनको परिमाण घटाउने, फोहोरलाई स्रोतमा नै वर्गीकरण गर्ने, पुनः प्रयोग वा पुनर्चक्रण गर्ने व्यक्ति, संस्था वा निकायलाई सेवा शुल्क निर्धारण गर्दा प्रोत्साहनस्वरूप छुट वा अन्य सहुलियत दिन सकिनेछ। (३ख) व्यवसाय, उद्योग वा अन्य व्यावसायिक क्रियाकलापबाट बढी परिमाणमा वा वातावरण तथा जनस्वास्थ्यमा बढी जोखिमयुक्त फोहफरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायबाट त्यस्तो फोहोरमैला व्यवस्थापन गर्न लाग्ने लागत र जोखिमको अनुपातमा सेवा शुल्क निर्धारण तथा असुल गर्नु पर्नेछ।" **<u>उपदफा (५) मा रहेका,</u>** - "विपन्न वर्गलाई" भन्ने शब्दहरूको सट्टा "स्थानीय कानुनबमोजिम पहिचान भएका विपन्न तथा सेवा शुल्क तिर्न असमर्थ लक्षित वर्गलाई" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (६) पछि देहायका उपदफा थप गर्नुपर्ने</u>:-** "(६क) यस दफाबामोजिम सेवा शुल्क तथा फोहोरमैला व्यवस्थापनबाट प्राप्त आम्दानी, त्यस्तो आम्दानीबाट भएको खर्च तथा बाँकी रकमको विवरण स्थानीय तहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफ्नो वेबसाइट तथा अन्य सार्वजनिक माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।" **<u>उपदफा (७) पछि देहायका उपदफा थप गर्नुपर्ने</u>:-** "(७क) उपदफा (७) बमोजिम फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रका बासिन्दाको सामाजिक विकासमा खर्च गर्नुपर्ने रकमको उपयोग, आयोजना तथा खर्चको विवरण

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्नेछ र त्यस्तो रकमको उपयोगमा प्रभावित क्षेत्रका बासिन्दाको सहभागिता सुनिश्चित गर्नु पर्नेछ। (७ख) फोहोरमैला प्रभावित स्थल प्रभावित क्षेत्र भन्नाले फोहोरमैला व्यवस्थापन स्थलको सञ्चालनबाट वातावरण, स्वास्थ्य, आवागमन, जीविकोपार्जन वन सामाजिक तथा आर्थिक जीवनमा प्रत्यक्ष वा उल्लेखनीय प्रभाव पर्ने क्षेत्रलाई सम्झनुपर्छ। त्यस्तो क्षेत्र निर्धारण गर्ने आधार तथा प्रक्रिया नेपाल सरकारले तोकेको मापदण्डबमोजिम हुनेछ। (७ग) यस दफाबमोजिम उठेको सेवा शुल्क तथा प्राप्त आम्दानीको उपयोग गर्दा फोहोरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले उत्पादन गरेको फोहोरको परिमाण, प्रकृति तथा व्यवस्थापनमा लाग्ने लागत र वातावरणीय जोखिमको आधारमा खर्चको भारवहन गर्ने सिद्धान्त अवलम्बन गर्नु पर्नेछ।"
१६९.	मा. क्रान्तिशिखा धिताल	४३	<u>उपदफा (२) मा रहेका,</u> - "फोहोरमैलाको परिमाण, तौल तथा प्रकृतिको आधारमा गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा "फोहोरमैलाको परिमाण, तौल तथा प्रकृतिलाई आधार बनाई जति बढी र जति हानिकारक फोहोर त्यति बढी शुल्क लागु गर्नु पर्नेछ" भन्ने शब्दहरू राखुपर्ने।
१७०.	मा. कुसुम महर्जन	४३	<u>उपदफा (५) मा रहेका,</u> - "छुट दिन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "स्थानीय कानुनबमोजिम पहिचान भएका विपन्न वर्गलाई निर्धारित मापदण्डका आधारमा सेवा शुल्कमा छुट दिनु पर्नेछ" भन्ने शब्दहरू राखुपर्ने। <u>उपदफा (७) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "उक्त रकम खर्च गर्दा प्रभावित समुदायको सहभागितामा वार्षिक योजना तयार गरी आम्दानी तथा खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ।"
१७१.	मा. मनिष झा	४३	<u>उपदफा (७) को सट्टा देहायको उपदफा (७) राख्नुपर्ने</u>:- "(७) उपदफा (६) बमोजिम स्थानीय तहले वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा खर्च गरी बाँकी रहेको रकममध्ये सत्तरी प्रतिशत रकम फोहोरमैला व्यवस्थापन स्थलबाट प्रभावित क्षेत्रका बासिन्दाको सामाजिक विकासमा खर्च गर्नु पर्नेछ। उक्त रकम छुट्टै कोषमा जम्मा गरी पारदर्शी रूपमा खर्च गर्नु पर्नेछ र प्रत्येक वर्ष सार्वजनिक लेखापरीक्षण गरी सोको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।"
१७२.	मा. कमल सुबेदी	४३	<u>देहायको उपदफा (८) थप गर्नुपर्ने</u>:- "(८) शुल्क निर्धारण गर्दा नागरिकको आर्थिक स्तर र स्थानीय सम्भाव्यतालाई आधार मान्नु पर्नेछ।"
१७३.	मा. कुसुम महर्जन	४४	<u>उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "सेवा रोक्का वा अन्त्य गर्नुअघि सम्बन्धित व्यक्तिलाई लिखित सूचना तथा सुधारको उचित अवसर दिनु पर्नेछ। सार्वजनिक स्वास्थ्यमा जोखिम उत्पन्न हुने अवस्थामा वैकल्पिक फोहोर व्यवस्थापन अनिवार्य गर्नु पर्नेछ।"
१७४.	मा. नितिमा भण्डारी (कार्की)	४५	<u>देहायका उपदफा (३) र (४) थप गर्नुपर्ने</u>:- "(३) उपदफा (१) र (२) बमोजिमका विवरण सम्बन्धित स्थानीय तहले केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेसमा नियमित रूपमा अभिलेखीकरण तथा अद्यावधिक गर्नु पर्नेछ। (४) फोहोरमैला सङ्कलन, वर्गीकरण, ढुवानी, पुनः प्रयोग, पुनः प्रशोधन वा स्रोत पुनःप्राप्तिको कार्यमा अनौपचारिक रूपमा संलग्न व्यक्ति, कामदार वा उद्यमीले सम्बन्धित वडा कार्यालयमा दर्ता वा सूचीकृत हुनु पर्नेछ। त्यस्तो कार्य व्यावसायिक रूपमा सञ्चालन गर्ने
१७५.	मा. सुशील खड्का मा. आशिष गजुरेल		

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			व्यक्ति वा उद्यमीले प्रचलित कानुनबमोजिम स्थायी लेखा नम्बर वा करदाता दर्ता समेत गर्नुपर्नेछ। सम्बन्धित स्थानीय तहले त्यस्ता व्यक्ति, कामदार तथा उद्यमीको विवरण अभिलेख राखी केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेसमा अद्यावधिक गर्नु पर्नेछ।"
१७६.	मा. धर्मराज के.सी.	४५	**<u>देहायका उपदफा (३) थप गर्नुपर्ने</u>:-** "(३) उपदफा (१) र (२) बमोजिमका विवरण सम्बन्धित स्थानीय तहले केन्द्रीय राष्ट्रिय फोहोरमैला डाटाबेसमा नियमित रूपमा अभिलेखीकरण तथा अद्यावधिक गर्नु पर्नेछ।"
१७७.	मा. निति‍मा भण्डारी (कार्की)	४६	**<u>उपदफा (१) मा रहेका,</u>** - "प्लाष्टिकजन्य त्यस्तै वस्तु" भन्ने शब्दहरूपछि "वा एक पटक मात्र प्रयोग हुने प्लाष्टिकजन्य वस्तु" भन्ने शब्दहरू थप गर्नुपर्ने। **<u>उपदफा (१) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:-** - "र स्थानीय तहले एक पटक मात्र प्रयोग हुने प्लास्टिकजन्य वस्तुको चरणबद्ध नियन्त्रण तथा प्रतिबन्धका लागि समयसीमासहितको कार्ययोजना लागु गर्नु पर्नेछ।" **<u>उपदफा (५),</u>** - झिक्नुपर्ने।
१७८.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१७९.	मा. धर्मराज के.सी.	४६	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) नेपाल सरकार वा प्रदेश सरकारले आफ्नो अधिकारक्षेत्रभित्र सम्बन्धित राजपत्रमा सूचना प्रकाशन गरी तोकेकोभन्दा कम गुणस्तरको प्लास्टिक झोला वा प्लास्टिकजन्य त्यस्तै वस्तु वा फोहोरमैला उत्सर्जन गर्ने अन्य वस्तुको उत्पादन, पैठारी, बिक्री वितरण वा प्रयोगमा रोक लगाउन सक्नेछ र स्थानीय तहले एक पटक मात्र प्रयोग हुने प्लास्टिकजन्य वस्तुको चरणबद्ध नियन्त्रण तथा प्रतिबन्धका लागि समयसीमासहितको कार्ययोजना लागु गर्नु पर्नेछ।" **<u>उपदफा (५)</u>** झिक्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१८०.	मा. डा. राम लामा	४७	<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:- "(३) उपदफा (१) र (२) को प्रयोजनका लागि स्थानीय तहले अनुगमनको कार्ययोजना बनाई आवश्यक संख्यामा अनुगमनकर्ता खटाउन सक्नेछ। यसरी खटाइने अनुगमन टोलीमा वातावरण विज्ञान वा फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको कम्तीमा एक जना प्राविधिक व्यक्ति अनिवार्य रूपमा रहनु पर्नेछ।"
१८१.	मा. नितिमा भण्डारी (कार्की)	४७	<u>देहायको उपदफा (७) थप गर्नुपर्ने</u>:- "(७) स्थानीय तहले स्यानेटरी ल्याण्डफिल साइट वा अन्तिम विसर्जन स्थलको नियमित अनुगमन गर्नु पर्नेछ र त्यस्तो अनुगमनमा स्थलको क्षमता, सञ्चालन अवस्था तथा वातावरणीय मापदण्डको पालनाको अवस्था समावेश गर्नु पर्नेछ।"
१८२.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१८३.	मा. धर्मराज के.सी.		
१८४.	मा. गुरु प्रसाद बराल	४८	<u>उपदफा (४) मा देहायका शब्दहरू थप गर्नुपर्ने</u>:- - "सम्झौता रद्द हुँदा क्षतिपूर्ति दिनुपर्ने अवस्था भएमा प्रमाणित लगानी, निर्माण भएका स्थायी संरचना, ह्रासकट्टी पछिको मूल्य र स्वतन्त्र मूल्याङ्कनका आधारमा क्षतिपूर्ति निर्धारण गर्ने।"
१८५.	मा. नितिमा भण्डारी (कार्की)	४९	<u>देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:- "(३) उत्पादक वा नेपालमा रहेको मुख्य आधिकारिक बिक्रेताले यस ऐनबमोजिम उत्पादकको विस्तारित जिम्मेवारी पूरा गरे वा नगरेको सम्बन्धमा मन्त्रालयले नियमित अनुगमन गर्नु पर्नेछ।"
१८६.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१८७.	मा. धर्मराज के.सी.		
१८८.	मा. गुरु प्रसाद बराल	५०	<u>उपदफा (२) मा देहायको खण्ड (ङ) थप गर्नुपर्ने</u>:- "(ङ) "स्थानीय तहलाई technical support दिने र स्थानीय तह, प्रदेश सरकार तथा सङ्घीय मन्त्रालयबिच नियमित coordination गर्ने "प्राविधिक सहयोग तथा अन्तरतह समन्वय संयन्त्र राख्ने"।"

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१८९.	मा. परशुराम तामाङ्ग	५२	<u>दफ ५२</u> झिक्नुपर्ने।
१९०.	मा. क्रान्तिशिखा धिताल	५३	<u>खण्ड (द) पछि देहायको खण्ड (द१) थप गर्नुपर्ने</u>ः- "(द१) दफा २२ अनुसार उत्पादकको विस्तारित जिम्मेवारी, चक्रिय अर्थतन्त्र र ब्राण्ड अडिटको अवलम्बन नगरेमा,"
१९१.	मा. नितिमा भण्डारी (कार्की)	५३	<u>खण्ड (न) मा रहेका,</u> - "रासायनिक पदार्थ वा विषादी" भन्ने शब्दहरूको सट्टा "रासायनिक पदार्थ, विषादी वा म्याद समाप्त भएको औषधी" भन्ने शब्दहरू राख्नुपर्ने।
१९२.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
१९३.	मा. धर्मराज के.सी.	५३	<u>खण्ड (न) को सट्टा देहायको खण्ड (न) राख्नुपर्ने</u>ः- "(न) दफा ३९ को उपदफा (२) विपरीत समयावधि सकिएको रासायनिक पदार्थ, विषादी वा म्याद समाप्त भएको औषधी नष्ट गर्ने जिम्मेवारी पूरा नगरेमा,"
१९४.	मा. बोध नारायण श्रेष्ठ	५३	<u>देहायको खण्ड (ब) थप गर्नुपर्ने</u>ः- "(ब) स्वीकृत स्थल बाहेक नदी, खोला, जलस्रोत वा सार्वजनिक स्थानमा दिसाजन्य लेदो विसर्जन गरेमा वा दफा १०क विपरीत सङ्कलन, ढुवानी वा निष्कासन गरेमा।"
१९५.	मा. लिमा अधिकारी (आचार्य)	५४	<u>उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्ने</u>ः- "(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक स्थलमा फोहोर फाल्ने, खोला-नालामा मिसाउने वा खुला रूपमा फोहोर जलाउने कार्य गरेमा अधिकारप्राप्त अधिकारी वा नगर प्रहरीले स्थलगत रूपमै ५०० रुपैयाँ देखि ५०,००० रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।"
१९६.	मा. क्रान्तिशिखा धिताल	५४	<u>उपदफा (१) को खण्ड (ङ) मा रहेका,</u>

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "खण्ड (द) बमोजिमको कसुर" भन्ने शब्दहरूको सट्टा "खण्ड (द) र (ध) बमोजिमको कसुर" भन्ने शब्दहरू राख्नुपर्ने। **<u>उपदफा (२) पछि देहायको उपदफा (२क) थप गर्नुपर्ने</u>:-** "(२क) गम्भीर प्रदूषण गरेको हकमा केवल जरिवाना नभई तोकिएबमोजिम क्षति पुनर्स्थापना तथा सुधारात्मक शुल्क समेत असुल गरिनेछ।"
१९७.	मा. मनिष झा	५४	**<u>उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नुपर्ने</u>:-** "(३) उपदफा (१) बमोजिमको जरिबाना निर्धारण गर्दा कसुरको प्रकृति, गम्भीरता, मात्रा, पुनरावृत्ति तथा त्यसबाट भएको वातावरणीय क्षतिको अवस्थालाई आधार मानिनेछ। जरिबाना निर्धारण गर्नुअगि सम्बन्धित व्यक्तिलाई आफ्नो भनाई राख्ने तथा सफाइ पेस गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ।"
१९८.	मा. बोध नारायण श्रेष्ठ	५४	**<u>उपदफा (१) मा देहायको खण्ड (ङ) थप गर्नुपर्ने</u>:-** "(ङ) खण्ड (ब) मा थपिएको कसुरका लागि कसुरको गम्भीरता र क्षतिको आधारमा अनुपातिक जरिबाना तथा सफाइ, उपचार वा प्रदूषण हटाउन लागेको खर्च असुल गर्ने।"
१९९.	मा. नितिमा भण्डारी (कार्की)	५९	**<u>दफा ५९ मा रहेका,</u>** - "पर्यटन क्षेत्र" भन्ने शब्दहरूपछि ",पदयात्रा मार्ग, पर्वतारोहण क्षेत्र वा हिमाली तथा पर्वतीय पर्यटन क्षेत्र" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२००.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
२०१.	मा. धर्मराज के.सी.		
२०२.	मा. धर्मराज के.सी.	६१	**<u>दफा ६१ मा रहेको,</u>** - "विमानस्थल" भन्ने शब्दपछि ",पर्यटनस्थल, होटल, रिसोर्ट, क्याम्पिङ स्थल तथा अन्य पर्यटन पूर्वाधार" भन्ने शब्दहरू थप गर्नुपर्ने।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
२०३.	मा. डा. ओजश्वी शेरचन	६३	<u>उपदफा (२) मा देहायका खण्ड थप गर्नुपर्ने</u>:- "(क) अनिवार्य खोप : फोहोरमैला तथा सरसफाइमा खटिने सम्पूर्ण श्रमिहकरूका लागि टिटानस (Tetanus) र हेपाटाइटिस बि (Hepatitis B) विरुद्धको खोप रोजगारदाताले सरकारी स्वास्थ्य निकायसँगको समन्वयमा पूर्ण रूपमा निः शुल्क र अनिवार्य उपलब्ध गराउनु पर्नेछ। (ख) जोखिममा आधारित खोप : खुल्ला विसर्जन स्थल (ल्यान्डफिल साइट), ढल वा संक्रामक फोहोरको क्षेत्रमा काम गर्ने उच्च जोखिमयुक्त श्रमिकहरूका लागि रेबिज (Rabies) र हेपाटाइटिस बि (Hepatitis B) विरुद्धको खोप रोजगारदाता तथा सम्बन्धित स्थानीय तहले सरकारी स्वास्थ्य निकायसँग समन्वय गरी प्राथमिकताका साथ निः शुल्क उपलब्ध गराउनु पर्नेछ। (ग) नियमित स्वास्थ्य परीक्षण : उपदफा (१) बमोजिमको स्वास्थ्य बिमा कार्यक्रमको उपयोग गर्दै रोजगारदाता संस्थाले कम्तीमा वर्षको दुई पटक श्रमिकहरूको पूर्ण स्वास्थ्य जाँच र छाला, श्वासप्रश्वास एवम् रगतको परीक्षण गराउनु पर्नेछ।" <u>उपदफा (२) पछि देहायका उपदफा (३), (४) र (५) थप गर्नुपर्ने</u>:- "(३) जोखिम सूचकाङ्क मापन (Exposure Monitoring) : रासायनिक, औद्योगिक तथा हानिकारक फोहोरमैला व्यवस्थापन वा विसर्जन स्थलहरूमा हानिकारक भारी (Heavy metals जस्तै lead, mercury आदि) र विकिरणको मात्रा नियमित मापन गर्ने आधुनिक प्रविधि तथा प्रणाली जडान गरिनु पर्नेछ।

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			(४) बायोलोजिकल मनिटरिङ (Biological Monitoring) : जोखिमपूर्ण र रासायनिक फोहोर चलाउने श्रमिकहरूको शरीरमा विषाक्त तत्वको मात्रा (Toxic level) परीक्षण गर्नका लागि रगत, पिसाब वा अन्य जैबिक नमुनाको नियमित जाँच गर्नु पर्नेछ। (५) स्वास्थ्य गोपनीयता र सुरक्षा सम्बन्धी व्यवस्था : उपदफा (४) बमोजिम गरिएको बायोलोजिकल मनिटरिङको स्वास्थ्य विवरणको पूर्ण गोपनीयता कयम गरिनेछ। स्वास्थ्य परीक्षण जोखिम वा विषाक्तता देखिएमा श्रमिकलाई बिना सेवासुविधा कटौती तत्काल कम जोखिमयुक्त कार्यमा स्थानान्तरण, विशेष उपचार (Specialized evaluation) को व्यवस्था वा कार्यस्थलको वातावरण सुधार (Workplace remediation) को प्रक्रिया रोजगारदाताले तत्काल सुरु गर्नु पर्नेछ।"
२०४.	मा. धर्मराज के.सी.	६३	**<u>देहायको उपदफा (३) थप गर्नुपर्ने</u>:-** "(३) स्थानीय तहले फोहोरमैला सङ्कलन, वर्गीकरण, पुनः प्रयोग, पुनः प्रशोधन वा स्रोत पुनःप्राप्तिको कार्यमा संलग्न अनौपचारिक क्षेत्रका कामदार तथा उद्यमीको पहिचान र अभिलेखीकरण गरी निजहरूलाई प्रचलित कानुनबमोजिम सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, पेशागत स्वास्थ्य तथा सुरक्षा, सुरक्षित पोसाक तथा आवश्यक तालिमको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।"
२०५.	मा. भरत प्रसाद पराजुली	६४	**<u>उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नुपर्ने</u>:-** "(१) घरायसी फोहोरमैला बाहेकका अन्य फोहोरमैला उत्सर्जन गर्ने संस्थाले आय आर्जन गरेको खुद नाफाको दुई प्रतिशत रकमबाट फोहोरमैला व्यवस्थापन, सचेतना अभिवृद्धि, वातावरण प्रदूषण नियन्त्रण साथै न्यूनीकरण गर्ने कार्यमा खर्च गरी सामाजिक उत्तरदायित्व बहन गर्नु पर्नेछ।"
२०६.	मा. क्रान्तिशिखा धिताल	दफा थप	**<u>दफा ६६ पछि देहायको दफा ६६क. थप गर्नुपर्ने</u>:-**

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"६६क. मन्त्रालयले कार्यसम्पादन मापनका लागि फोहोर सङ्कलनको पहुँच, स्रोतमा फोहोर छुट्याउने दर, पुनःप्रयोग तथा पुनर्चक्रणको दर, ल्याण्डफिलमा जाने फोहोरको कमी लगायतका मापनयोग्य सूचकहरू सम्बन्धी सम्पूर्ण तथ्याङ्कलाई एकीकृत राष्ट्रिय डिजिटल सूचना प्रणालीमा अनिवार्य रूपमा सार्वजनिक गर्नु पर्नेछ।"
२०७.	मा. परशुराम तामाङ्ग	६८	<u>उपदफा (१) मा रहेका,</u> - "नेपाल सरकार" भन्ने शब्दहरूपछि ",प्रदेश सरकार र स्थानीय तह" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२०८.	मा. नितिमा भण्डारी (कार्की)	६८	<u>उपदफा (१) को खण्ड (क) मा रहेको,</u> - "स्वास्थ्यसंस्थाजन्य" भन्ने शब्दपछि "औषधीजन्य," भन्ने शब्द थप गर्नुपर्ने। <u>उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्ने</u>:- "(ग) फोहोरमैला स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र तथा स्यानेटरी ल्याण्डफिल साइटको स्थान छनोट, डिजाइन, निर्माण, सञ्चालन, वातावरणीय सुरक्षा, अनुगमन, बन्द तथा बन्दपछिको व्यवस्थापन सम्बन्धी," <u>उपदफा (१) को खण्ड (घ) मा रहेका,</u> - "चक्रीय अर्थतन्त्र सम्बन्धी," भन्ने शब्दहरूपछि "सह-प्रशोधन," भन्ने शब्द थप गर्नुपर्ने।
२०९.	मा. सुशील खड्का मा. आशिष गजुरेल		
२१०.	मा. धर्मराज के.सी.	६८	<u>उपदफा (१) को खण्ड (क) मा रहेको,</u> - "स्वास्थ्यसंस्थाजन्य" भन्ने शब्दपछि "औषधीजन्य," भन्ने शब्द थप गर्नुपर्ने। <u>उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्ने</u>:-

क्र.स.	माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(ग) फोहोरमैला स्थानान्तरण केन्द्र, प्रशोधन केन्द्र तथा स्यानेटरी ल्याण्डफिल साइटको स्थान छनोट, डिजाइन, निर्माण, सञ्चालन, वातावरणीय सुरक्षा, अनुगमन, बन्द तथा बन्दपछिको व्यवस्थापन सम्बन्धी," **<u>उपदफा (१) मा देहायको खण्ड (च) थप गर्नुपर्ने</u>**:- "(च) सह-प्रशोधन, उच्च तापक्रमीय प्रशोधन तथा औषधीजन्य फोहोरमैलाको प्रकृतिअनुसार आवश्यक तापक्रम, उत्सर्जन सीमा तथा अन्य प्राविधिक मापदण्ड सम्बन्धी।"
२११.	मा. क्रान्तिशिखा धिताल	**रूपान्तरण**	**<u>विधेयकको ठाउँठाउँमा रहेको,</u>** - "डस्टबिन" भन्ने शब्दको सट्टा "फोहोरदानी" भन्ने शब्द राखुपर्ने। - "डाटाबेस" भन्ने शब्दको सट्टा "तथ्याङ्क भण्डार" भन्ने शब्दहरू राखुपर्ने।
२१२.	मा. डा. तोसिमा कार्की	**रूपान्तरण**	**<u>विधेयकको ठाउँठाउँमा रहेको,</u>** - "डस्टबिन" भन्ने शब्दको सट्टा "सोर्सबिन" भन्ने शब्द राखुपर्ने।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूका अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. २१२ सम्मका संशोधनका सूचनाहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख